चौदण्डीगढी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेल्टार, उदयपुर
कोशी प्रदेश
१८ औँ नगरसभा
मिति- २०८२ वैशाख १९ गते शुक्रबार
आ.व. २०८२/०८३

## सभाको उपस्थित माइन्यूट

| क्र.स. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री कालुमान लामा | नगरप्रमुख/ सभाध्यक्ष | |
| २ | श्री मणिकादेवी दुलाल | उपप्रमुख | |
| ३ | श्री सिताराम राई | १ नम्बर वडाध्यक्ष/नगरसभा सदस्य | |
| ४ | श्री हरिबहादुर खड्का | २ नम्बर वडाध्यक्ष/नगरसभा सदस्य | |
| ५ | श्री पर्शुराम राई | ३ नम्बर वडाध्यक्ष/नगरसभा सदस्य | |
| ६ | श्री लुङ्गाराज राई | ४ नम्बर वडाध्यक्ष/नगरसभा सदस्य | |
| ७ | श्री तुलसीराम ढकाल | ५ नम्बर वडाध्यक्ष/नगरसभा सदस्य | |
| ८ | श्री अम्बरबहादुर खड्का | ६ नम्बर वडाध्यक्ष/नगरसभा सदस्य | |
| ९ | श्री केशव अधकारी | ७ नम्बर वडाध्यक्ष/नगरसभा सदस्य | |
| १० | श्री भगनाथकुमार मगर | ८ नम्बर वडाध्यक्ष/नगरसभा सदस्य | |
| ११ | श्री प्रकाश राउत | ९ नम्बर वडाध्यक्ष/नगरसभा सदस्य | |
| १२ | श्री धर्मेन्द कुमार खड्का | १० नम्बर वडाध्यक्ष/नगरसभा सदस्य | |
| १३ | श्री उदयराज भुजेल | कार्यपालिका सदस्य/ नगरसभा सदस्य | |
| १४ | श्री जयकुमार राई | कार्यपालिका सदस्य/ नगरसभा सदस्य | |
| १५ | श्री माधव सार्की | कार्यपालिका सदस्य/ नगरसभा सदस्य | |
| १६ | श्री तिलावती राई | कार्यपालिका सदस्य/ नगरसभा सदस्य | |
| १७ | श्री सुस्मा राई | कार्यपालिका सदस्य/ नगरसभा सदस्य | |
| १८ | श्री स्मृती तोलाङ्गी सुयल | कार्यपालिका सदस्य/ नगरसभा सदस्य | |
| १९ | श्री जानकी देवी चौधरी | कार्यपालिका सदस्य/ नगरसभा सदस्य | |
| २० | श्री शान्तीदेवी चौधरी | कार्यपालिका सदस्य/ नगरसभा सदस्य | |
| २१ | श्री मिना थापा मगर | वडा सदस्य/ नगरसभा सदस्य | |
| २२ | श्री नारायण थापा | वडा सदस्य/ नगरसभा सदस्य | |
| २३ | श्री सुमित्रा सार्की | वडा सदस्य/ नगरसभा सदस्य | |
| २४ | श्री मानबहादुर तामाङ | वडा सदस्य/ नगरसभा सदस्य | |
| २५ | श्री रमेश बिष्ट | वडा सदस्य/ नगरसभा सदस्य | |
| २६ | श्री मेनुका बि.क. | वडा सदस्य/ नगरसभा सदस्य | |
| २७ | श्री पुरोषोत्तम बिष्ट | वडा सदस्य/ नगरसभा सदस्य | |
| २८ | श्री चन्द्रकला राई | वडा सदस्य/ नगरसभा सदस्य | |
| २९ | श्री पर्शुराम राई | वडा सदस्य/ नगरसभा सदस्य | |
| ३० | श्री आशादेवी मंग्राती | वडा सदस्य/ नगरसभा सदस्य | |
| ३१ | श्री धनकुमार तामाङ | वडा सदस्य/ नगरसभा सदस्य | |
| ३२ | श्री गंगाकुमारी बिष्ट | वडा सदस्य/ नगरसभा सदस्य | |
| ३३ | श्री भक्तीराज राई | वडा सदस्य/ नगरसभा सदस्य | |
| ३४ | श्री दिलबहादुर मगर | वडा सदस्य/ नगरसभा सदस्य | |
| ३५ | श्री पार्बतीदेवी बिश्वकर्मा | वडा सदस्य/ नगरसभा सदस्य | |
| ३६ | श्री अमिन चौधरी | वडा सदस्य/ नगरसभा सदस्य | |
| ३७ | श्री सुरेशकुमार चौधरी | वडा सदस्य/ नगरसभा सदस्य | |
| ३८ | श्री गिताकुमारी थापा | वडा सदस्य/ नगरसभा सदस्य | |

| | | | |
|---|---|---|---|
| ३९ | श्री तुलसीराम खत्री | वडा सदस्य/ नगरसभा सदस्य | |
| ४० | श्री कमल कार्की | वडा सदस्य/ नगरसभा सदस्य | |
| ४१ | श्री राजेशकुमार श्रेष्ठ | वडा सदस्य/ नगरसभा सदस्य | |
| ४२ | श्री बलराम मगर | वडा सदस्य/ नगरसभा सदस्य | |
| ४३ | श्री मेनुका परियार | वडा सदस्य/ नगरसभा सदस्य | |
| ४४ | श्री कविता राई | वडा सदस्य/ नगरसभा सदस्य | |
| ४५ | श्री अरुणकुमार मगर | वडा सदस्य/ नगरसभा सदस्य | |
| ४६ | श्री हुकुमराज मगर | वडा सदस्य/ नगरसभा सदस्य | |
| ४७ | श्री सन्तोषी बिश्वकर्मा | वडा सदस्य/ नगरसभा सदस्य | |
| ४८ | श्री तेजबहादुर थापा | वडा सदस्य/ नगरसभा सदस्य | |
| ४९ | श्री टेकबहादुर कार्की | वडा सदस्य/ नगरसभा सदस्य | |
| ५० | श्री नन्दीलाल चौधरी | वडा सदस्य/ नगरसभा सदस्य | |
| ५१ | श्री बिष्णुकुमारी राई | वडा सदस्य/ नगरसभा सदस्य | |
| ५२ | श्री जानुकादेवी दर्नाल दर्जी | वडा सदस्य/ नगरसभा सदस्य | |
| ५३ | श्री सुकदेव चौधरी | वडा सदस्य/ नगरसभा सदस्य | |
| ५४ | श्री काजीमान राई | सभासचिव | |

## अन्य उपस्थिति

| क्र.स. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री मञ्जुकुमारी परियार | जिल्ला समन्वय समिति सदस्य | |
| २ | [illegible] | कृषि विकास अधिकृत, [illegible] | |
| ३ | [illegible] प्रसाद [illegible] | कृषि सेवा केन्द्र [illegible] | |
| ४ | पूर्णलाल राई | वडा सचिव, २ नं. वडा | |
| ५ | [illegible] | 〃 〃 ६ नं वडा | |
| ६ | [illegible] बहादुर [illegible] | हजुरी प्रशासक | |
| ७ | आशा कार्की | [illegible] | |
| ८ | [illegible] ढकाल | महिला विकास निरीक्षक | |
| ९ | [illegible] | आधारभूत [illegible] | |
| १० | विजय [illegible] | उद्यम विकास सहजकर्ता | |
| ११ | सविता परियार | महिला विकास निरीक्षक | |
| १२ | [illegible] | वडा सचिव वडा नं. ६ | |
| १३ | प्रिया पोखरेल | वडा सचिव वडा नं. २ | |
| १४ | निर्मला राई | सामाजिक परिचालक | |
| १५ | ममता वि. क. | उद्यम विकास सहयोगी | |
| १६ | तारादेवी राई | [illegible] | |
| १७ | [illegible] राई | सामाजिक परिचालक | |
| १८ | [illegible] | एम. आई. एस. अपरेटर | |
| १९ | [illegible] राई | आन्तरिक शाखा प्रमुख | |
| २० | श्रीकान्त चौधरी | स्वास्थ्य शाखा | |
| २१ | [illegible] | [illegible] | |
| २२ | [illegible] यादव | पशु सेवा शाखा प्रमुख | |
| २३ | दुर्गा प्र. आचार्य | [illegible] | |
| २४ | मोहन कुमार राई | योजना शाखा प्रमुख | |
| २५ | [illegible] | सामाजिक विकास शाखा प्रमुख | |

Sangam

२५ सुरेन्द्र बस्नेत प्रतिनिधि पत्रकार

२६ महेश राना मगर
२८ युवराज खापकोटा दै.नं. ... सचिव

२९ निज लिम्बू

३० तेज बहादुर विश्वकर्मा

३१ बालकृष्ण आचार्य

३२. मायका चौधरी नगर पालिका प्रतिनिधि

३३, राजेन्द्र कुँवर गोवीश्वर दैनिक

३४, भोजराज अधिकारी पत्रकार लि.

३५, सन्तोष कुमार पौडेल रेडियो ...

३६ भोजराज अधिकारी ... सचिव

३७ ... कुडवाल प्र. ... संयोजक

३८. श्री मोटराज राई कान्तिपुर टेलिभिजन

३९. श्री सुनिल राई पूर्णदृष्टि राष्ट्रिय दैनिक

४० श्री रञ्जीत चौधरी दै.नि.पो.

४१ श्री कृष्ण राई चोटकीगढी साप्ताहिक

४२ श्री केशव बन्जारा मिल्ली श्रावण

४३, श्री योग कुमारी बास्तोला नगर प्रहरी

४४. मनु सिंह राई नगर प्रहरी जवान

४५, विमला कोईराला का. स.

४६, देवल कुमारी नगर का. स.

४७, अरुणा राई "

४८, निरन्जन कुमार चौधरी नगर प्रहरी

४९, चन्दन चौधरी "

५०, किशोर परियार "

५१, शम्भु कुमार खड्का "

५२. अर्जुन राई "

५३ उमेश ... का.स.

५४ ... का.स.

५५ चन्द्र प्रसाद आचार्य क.अ.

५६ मिलन रिसाल स.क.अ

५७. रामकुमार रत्न वी.ई.

५८. कपिल विष्ट नगर प्रहरी

Sangam

निर्णयहरु

१. आगामी आर्थिक वर्ष २०८२/०८३ का लागि जारी कार्यक्रमलाई र क्रमागत गरी चालु आर्थिक वर्ष २०८१/०८२ को [illegible] कार्यपालिका बैठकले पारित गरेको तपसील बमोजिमको नीति तथा कार्यक्रम सर्वसम्मतले पारित गर्ने निर्णय गरियो।

**ऐतिहासिक नगरी चौदण्डीगढी नगरपालिकाको सम्मानित १८ औँ नगरसभामा उपस्थित,**
**यस नगर सभाको उप-प्रमुख ज्यु,**
**यस नगर सभाका सचिव एवम प्रमुख प्रशासकीय अधिकृत ज्यू**
**यस नगरपालिकाका १० वटै वडाका वडा अध्यक्ष ज्यूहरु,**
**विषयगत समितिका संयोजक ज्यूहरु,**
**नगर कार्यापालिकाका सदस्य ज्यूहरु,**
**नगर सभाका सम्पूर्ण सदस्य ज्यूहरु,**
**सञ्चारकर्मी तथा पत्रकार ज्यूहरु,**
**यस नगरपालिका अन्तर्गतका विभिन्न समिति तथा उपसमितिका संयोजक तथा सदस्य ज्यूहरु,**
**साथै यस नगरपालिकाका सम्पूर्ण कर्मचारी मित्रहरु तथा उपस्थित सम्पूर्ण महानुभाव ज्यूहरु,**

यस चौदण्डीगढी नगरपालिकाको नगर प्रमुखको हैसियतले यस सम्मानित सभांलाई सम्बोधन गर्न पाउँदा अत्यन्त खुसी लागेको छ ।
अहिले हामी चौदण्डीगढी नगरपालिकाको १८ औं नगरसभा अर्थात् हाम्रो कार्यकालको चौथो बर्षमा प्रवेश गरेका छौं । नेपालको संविधानले सुनिश्चित गरेका प्रावधानहरुलाई व्यावहारगत रुपमा कार्यान्वयन गर्ने क्रममा दोस्रो स्थानीय तहको निर्वाचन भई हामीले कार्यभार सम्हालेर तेस्रो आर्थिक बर्षको बजेट नीति तथा कार्यक्रम कार्यान्वयन गरी स्थानीय सरकारको रुपमा आज चौथो नीति तथा कार्यक्रम आगामी आर्थिक बर्ष २०८२/८३ को लागि प्रस्तुत गर्न पाउँदा निकै हर्षित र गौरान्वित महशुस गरेको छु ।
यस अवसरमा म सर्वप्रथम त सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य व्यवस्थाको स्थापना गर्ने सम्मको महान परिवर्तन गर्नको लागि अहम भूमिका निर्वाह गर्ने तथा विभिन्न कालखण्डमा राष्ट्रप्रति समर्पित तथा मुलुकको सर्वाङ्गीण विकास, समृद्धि र अग्रगमनको लागि विभिन्न समयमा भएको राजनीतिक क्रान्ति एवम् आन्दोलनमा आफ्नो अमुल्य जीवन उत्सर्ग गर्नुहुने ज्ञात अज्ञात महान शहिदहरु प्रति हार्दिक श्रद्धासुमन-सहित भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । साथै घाइते तथा अपाङ्गता हुनु भएका योद्धाहरु र शहिद परिवारमा पनि उच्च सम्मान व्यक्त गर्दछु ।
यस चौदण्डीगढी नगरपालिकाको सरकारको रुपमा निर्वाचित गराई यो महत्वपूर्ण जिम्मेवारी सुम्पिनु हुने चौदण्डीगढी नगरपालिकाको सम्पूर्ण आमा-बुवा, दाजु-भाई तथा दिदि बहिनीहरुलाई हार्दिक धन्यवाद तथा आभार प्रकट गर्दै यहाँहरुको आशा, अपेक्षा र हाम्रो प्रतिवद्धता पुरा गर्ने दिशामा आगामी आर्थिक बर्ष २०८२/०८३ को यस नीति तथा कार्यक्रम लक्षित रहेको कुरा जानकारी गराउन चाहन्छु ।
आज म यस नगरको १८ औं नगरसभामा आगामी आ.व.२०८२/८३ को नीति तथा कार्यक्रम प्रस्तुतीको महत्वपूर्ण र ऐतिहासिक क्षणमा उभिएको छु । मुलुकको संविधान बमोजिम तीन तहको संघीय प्रणालीमा प्रवेश गरेसँगै विगतका राज्यका केन्द्रिकृत अधिकारहरुलाई वर्तमान नेपालको संविधानले विकेन्द्रित गर्दै स्पष्ट व्यवस्था गरे बमोजिम सङ्घ, प्रदेश र स्थानीय तहले सरकार सञ्चालनको अभ्यास गरिरहेको अवस्था छ । स्रोत साधन र अधिकार जनताको पहुँचमा रहने गरी परिकल्पना गरिएको जनताको घरदैलोको सरकारको रुपमा रहेको स्थानीय तह जनताको आफ्नै सरकार र राज्यको अभिन्न इकाई हो । नेपालको संविधानको मूलमर्म र भावना तथा स्थानीय सरकार सञ्चालन ऐनअन्तर्गत रहेर अगाडी बढ्नु आजको हाम्रो आवश्यकता हो ।
हाम्रो कार्यकालको तेस्रो बर्षको समाप्तीसँगै, करिब तीन बर्षे कार्यकालमा प्राप्त गरेका उपलब्धि अनुभव र चुनौतीलाई समेत मध्यनजर गरेर नीति तथा कार्यक्रम आज प्रस्तुत गर्न गईरहेको छु । सङ्घीय सरकार र प्रदेश सरकारबाट प्राप्त हुने बजेटले मात्र लक्षित उद्देश्य र विकास निर्माणका काम पूरा गर्न पर्याप्त नहुने हुदाँ स्थानीय स्रोत साधनबाट प्राप्त हुने आवश्यक राजश्व सङ्कलन गरी

जनताका अति आवश्यक र अपरिहार्य समस्याहरु समाधान गर्नु पर्ने अवस्था हामी सामु विद्यमान छ । अत राजश्व सङ्कलनमा आम नगरबासी र सरोकारवाला पक्षहरुले सकारात्मक सहयोग र सहकार्य गर्नुहुन्छ भन्ने विश्वास लिएको छु ।

तेस्रो बर्षसम्मको कार्यकालमा हामीले यस नगरको विकास निर्माण र समुन्नतीको लागि नगर प्रोफायल, नगर आवधिक योजना र नगर सडक गुरु योजनाहरु साथै आवश्यक ऐन कानुनजस्ता महत्वपूर्ण दस्तावेज तयार पारी त्यहीअनुरुप अगाडी बढी लक्ष्य प्राप्ति गर्ने अठोट गरेका छौं । नगरको विकासको निमित विभिन्न राष्ट्रिय अन्तराष्ट्रिय सङ्घ संस्थासँग सहकार्य गर्दै अगाडी बढ्ने लक्ष्यका साथ कृषी, पशु, सिञ्चाईजस्ता महत्वपूर्ण क्षेत्रहरुमा साझेदारी गर्दै अगाडी बढ्ने उद्देश्य राखिएको छ ।

**शिक्षामा सुधार देश विकासको आधार** भन्ने मूलध्येयका साथ यस नगरभित्र रहेका सरकारी सामुदायिक विद्यालयहरु र क्याम्पसहरुमा नियमित रेखदेख, अनुगमन, निर्देशन, नियन्त्रण र व्यवस्थापन गर्नुको साथै पूर्णकालीन क्याम्पस प्रमुखहरु व्यवस्था गरेर विद्यार्थीको पठन पाठन र शैक्षिक क्षेत्रको गुणस्तरलाई उकास्ने प्रयास जारी राखिएको छ भने संस्थागत विद्यालयहरूमा प्रभावकारी नियमन गरिएको छ । संस्थागत विद्यालयहरूमा १० प्रतिशत छात्रवृत्ती अनिवार्य गरिएको छ । साथै कर्मचारीहरूलाई दिँदै आएको पारिश्रमिकलाई न्यूनतम पारिश्रमिक अनिवार्य गरिएको छ । महिला, जनजाती, अपाङ्ग, पिछडावर्ग र विपन्न परिवारका विद्यार्थीहरुलाई आवश्यक कानुन बनाई उच्च शिक्षाको लागि छात्रवृत्ति प्रदान गर्ने व्यवस्था गरिएको छ ।

**जहाँ अभर त्यहाँ नगर** भने झै घाईते अपाङ्ग, सुत्केरी, सर्पदंश, आगलागी, मानसिक सन्तुलन गुमाएकाहरु, दुर्घटनामा परेकाहरुलाई तत्काल उद्दार गर्ने कामलाई जारी राख्दै आँखा शिविर, स्वास्थ्य चेक जाँचलगायतका स्वाथ्य शिविर, MBBS डाक्टरद्वारा १० वटै वडामा नागरिकको स्वास्थ्य चेक जाँच र स्थानीय स्वास्थ्यकर्मीद्वारा सरकारी विद्यालयका विद्यार्थीहरुको स्वास्थ्य चेकजाँच गर्ने व्यवस्था गरिएको छ ।

**गाउँको विकास वजारको व्यवस्थापन** गर्ने मुख्य ध्येयका साथ यस नगरका विभिन्न बजार क्षेत्रहरुलाई व्यवस्थित गर्ने, सडक बत्ती राख्ने, इन्टरलक ईटा विच्छ्याउने, सडकपेटीका अनावश्यक टहरा हटाउने, सडक छेउछाउ रंगरोगन गर्ने र हरियाली बढाउने र नागरिकको जनस्वास्थ्यलाई ख्याल गरी खाद्य र उपभोग्य सामाग्रीहरुको गुणस्तरियता चेकजाँच र अनुगमन गराउने कामलाई जारी राख्नुको साथै गाउँको विकासलाई जोड्न विभिन्न ठाउँमा ट्रस ब्रिजहरु, झोलुङ्गे पुलहरु, बाटोघाटो मर्मत-संभार र विस्तारका कार्यहरुलाई निरन्तरता दिदै यस क्षेत्रलाई अझ सुदृढ गर्दै कृषि, पर्यटन, शिक्षा, स्वास्थ्य, खानेपानी, खेलकुद, सामाजिक क्षेत्र, लक्षित वर्ग र राज्यले संरक्षण गरेको समूहको सर्वाङ्गीण विकास तथा सन्तुलित विकासलाई जोड दिएर शहरलाई सुन्दर सफा र व्यवस्थित शहर बनाउनु पर्ने र गाँउलाई सुविधा सम्पन्न र विकशित बनाउनु पर्ने कुरामा विशेष ध्यान पुर्याएको छु ।

समृद्ध नेपाल सुखी नेपालीको राष्ट्रिय आकांक्षालाई पूरा गर्ने अठोटसहित यो नगरको समृद्धिको खातिर निजी स्वार्थ र ईच्छाहरुलाई थाती राखी, यस नगरको विकास निर्माण र समृद्धिको लागि पहल कदमी गर्न विभिन्न क्षेत्रका व्यक्तित्वहरु, राजनितिक दलका प्रतिनिधिहरु, विषय विज्ञहरु, सामाजिक अभियन्ताहरुसहितको संयुक्त टोली बनाएर विभिन्न मन्त्रालय र निकायहरुमा पहल कदमीको लागि हाम्रै नगरको नेतृत्वमा योजना मागको निमित्त चरणबद्ध प्रयासहरु गरिएको छ । यी विषयहरुले प्राथमिकता र निरन्तरता पाउने र यस कुरामा सबैको साथ सहयोग हुने सन्दर्भमा म विश्वस्त छु ।

**अब म यस नगरपालिकाको आगामी आ.व. २०८२/८३ को नीति तथा कार्यक्रम यस सम्मानित नगरसभामा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

सभासदस्यहरू,
प्रस्तुत वार्षिक नीति तथा कार्यक्रम तयार गर्दा निम्न आधारहरु लिएको छु-

- नेपालको संविधानले व्यवस्था गरेको मौलिक हक, अनुसूची ८ ले व्यवस्था गरेको एकल अधिकार र ९ ले निर्दिष्ट गरेका साझा अधिकारहरू,
- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४,
- राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन, २०७४,
- स्थानीय तहको निर्वाचनको क्रममा हामीले जनताका बीचमा गरेका बाचा तथा प्रतिवद्धताहरु,
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४, का विभिन्न प्रावधानहरू,
- चौदण्डीगढी नगरपालिकाको ५ वर्षे आवधिक योजना,
- स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ (परिमार्जित)
- सरोकारवालाहरूबाट प्राप्त राय/सुझावहरू,
- नेपाल सरकारको सोह्रौँ आवधिक योजना,
- बिगत वर्षहरूमा सम्पन्न भएका नगर सभाहरूबाट पारित भएका निर्णयहरू,
- स्थानीय राजस्व परामर्श समिति, स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति तथा विषयगत समितिहरूबाट प्राप्त राय सल्लाह र सुझावहरू,
- लेखापरीक्षण प्रतिवेदन लगायत विभिन्न कार्यक्रममा प्राप्त सुझावहरू,
- चौदण्डीगढी नगरपालिकाका मौलिक पहिचान तथा विशेषताहरू,
- दीगो विकासका लक्ष्यहरू,
- योजना तर्जुमा प्रक्रियामा बस्ती तथा वडा तहबाट प्राप्त सुझाव तथा पृष्ठपोषण आदि
- नगर सडक यातायता गुरु योजना ।

२. मुख्य नीतिहरु

यो नीति तथा कार्यक्रम तर्जुमा गर्दा मूल रुपमा तपसिलमा उल्लेखित नीतिहरूको आधारमा कार्यक्रम तथा योजना अगाडि बढाइने छ-

- आर्थिक वर्ष २०८२।०८३लाई **भौतिक पूर्वाधार निर्माण वर्षको** रुपमा मनाइने छ ।
- **एक टोल विकास एक योजना** कार्यक्रम सञ्चालन गरिने नीति लिईनेछ ।
- **एक वडा एक उत्पादन** कार्यक्रम सञ्चालन गर्ने नीति लिईनेछ ।
- पशु विमा कार्यक्रम, पूर्ण पशु खोप कार्यक्रम तथा नश्ल सुधार कार्यक्रम सञ्चालन गर्ने नीति लिईनेछ ।
- कृषि क्षेत्रलाई आत्मनिर्भर, तरकारी आयात विस्थापन साथै रैथाने बालीको संरक्षण गर्ने नीति लिईनेछ।
- गुणस्तरीय आधारभूत स्वास्थ्य सेवा सबै नागरिकको पहुँच पुर्‍याउँदै नगरबासीको जनजीवन सहज तुल्याउन पहल गरिनेछ ।
- गुणस्तरीय शिक्षा प्रदान गर्न सामुदायिक विद्यालयहरुको स्तरीकरण र संस्थागत विद्यालयहरुको प्रभावकारी नियमन गरिनेछ ।
- कुलत तथा दुर्व्यवसनीमा परेका युवाहरुलाई समाजमा पुनर्स्थापना गर्न विभिन्न सचेतनामूलक र पुनर्स्थापना कार्यक्रम सञ्चालन गरिनेछ ।
- महिला, अपाङ, दलित, विपन्न, अल्पसंख्यक समुदायको आय वृद्धि गर्न क्षमता अभिवृद्धि तथा सिप विकास तालिम सञ्चालन गर्ने नीति लिईनेछ ।
- सामाजिक समानता, लैङ्गिक समानता, जातीय विभेद हटाउने एवम सांस्कृतिक र भाषिक संरक्षणका लागि विभिन्न कार्यक्रमह सञ्चालन गरिनेछ ।

- गाउँको विकास र बजारको व्यवस्थापनलाई मध्यनजर गर्दै विकासका आयोजना तथा कार्यक्रम छनौट गर्दा जनतालाई अनुभुति हुने गरी तत्काल प्रतिफल प्राप्त हुने, रोजगारी सिर्जना तथा आय-आर्जन हुने योजनाहरूलाई निरन्तरता दिइने छ
- आयोजनाहरू सञ्चालन तथा सम्पन्न गर्न सरकारी निकाय, राष्ट्रिय अन्तराष्ट्रिय गैर सरकारी साझेदार संस्था तथा सरोकारवाला सबै क्षेत्रसँग समन्वय र सहकार्य गरी प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।
- योजना तथा कार्यक्रमहरु कार्यान्वियन गर्दा जनसहभागीतामा जोड दिँदै दिगोपना, पारदर्शीता, जवाफदेहीता एवम नतिजामुखी बनाउन ध्यान दिइनेछ।
- योजना तथा कार्यक्रम छनौट गर्दा सम्भव र उपलब्ध भएसम्म स्थानीय स्रोत र श्रममा आधारित परियोजनाहरूलाई प्राथमिकता दिइनेछ ।
- प्राकृतिक स्रोतबाट सङ्कलित राजस्वलाई नगरपालिकामा रहने रकमलाई १०० प्रतिशत मानि त्यसमध्येको ५० प्रतिशत रकम सम्बन्धित वडा क्षेत्रको विकास, स्रोत संरक्षण, जोखिम ब्यबस्थापन लगायतका काममा खर्च गर्ने नितिलाई निरन्तरता दिइने छ।
- घाटा बजेट, अवण्डा बजेट, वार्षिक कार्यक्रमको पटक पटक संशोधन जस्ता कार्यलाई क्रमशः न्यूनीकरण गर्दै सन्तुलित र अनुमान योग्य बजेट निर्माण तथा कार्यान्वय गरिनेछ

**सम्मानित सभाका सभासदस्यहरु,**

प्रस्तुत पृष्ठभूमीमा आ.व. २०८२/८३ को नीति तथा कार्यक्रमको समग्र उद्देश्य एवम प्राथमिकता निम्न अनुसार रहेका छन्:

**३. बजेट, नीति तथा कार्यक्रमका उद्देश्यहरुः**

- स्वास्थ्य, शिक्षा खानेपानी लगायत मानव जीवनमा अत्यावश्यक क्षेत्रमा आवश्यक लगानी गर्नुका साथै सडक सञ्जालले सवै नगर क्षेत्रलाई जोड्दै सुविधा सम्पन्न नगरको रुपमा विकास गर्दै जाने ।
- आम नगरबासीको जीवनस्तरमा सुधार ल्याउने ।
- अनुदान तथा साझेदारी बजेटको उच्चतम् परिचालन गर्दै नगरभित्र रहेका स्रोत साधन, राजश्वको पहिचान र परिचालन गरी नगरको आर्थिक समृद्धि हासिल गर्ने,
- **आफ्नो टोल आफै बनाऔँ, आफ्नो वडा आफैं बनाऔँ र आफ्नो नगर आफैं बनाऔँ** भन्ने सोच र भावनासहित दिगो विकासमार्फत् समुन्नत र समृद्ध नगर निर्माण गर्ने ।
- नगरभित्रका सबै हाटबजारको उचित ब्यबस्थापन गर्दै व्यापारिक नाकाको रुपमा विकास गर्ने कार्यलाई निरन्तरता दिने ।
- नगर क्षेत्रमा रहेको पशु तथा कृषि विकासको सम्भावनालाई साकार पार्न पशु तथा कृषि व्यवसायमा आधुनिकीकरण र व्यवसायीकरण गर्ने, उत्पादनलाई बजारसँग जोड्ने र कृषि उत्पादकत्वमा वृद्धि गर्ने।
- राष्ट्रिय, अन्तर्राष्ट्रिय रुपमा प्रतिस्पर्धा गर्न सक्ने खेलाडीहरुको उत्पादन गर्न नगर क्षेत्रभित्र खेलकुदको विकास र प्रवर्धन गर्ने ।
- बजेटलाई वितरणमुखीभन्दा पनि ठोस योजनामुखी र उत्पादनमुखी बनाउने ।
- विभिन्न प्रकारका विपद् र महामारीबाट हुनसक्ने क्षतिको न्यूनीकरण गर्दै नागरिकको जीवन रक्षामा सहयोग पुर्याउने ।

<u>प्रस्तुत वजेट, नीति तथा कार्यक्रमका प्राथमिकताहरु देहाय अनुसार रहेका छन्-</u>

- शिक्षामा गुणस्तर सुधार र पूर्वाधार विकास ।
- स्वास्थ्य सेवा सुदृढीकरण तथा विभिन्न महामारीको रोकथाम, नियन्त्रण र उपचार ।
- नगर क्षेत्रमा आवश्यकताअनुसार फलामे पुल, सानो कल्भर्ट, ह्युम पाइप कल्भर्ट निर्माण गर्ने ।
- वजार विकास र ब्यबस्थापन ।

- सडक, विद्युत (काठको पोल विस्थापनसमेत), सिञ्चाई(साना सिञ्चाई समेत)लगायतका पुर्वाधार विकास ।
- खानेपानी पुर्वाधार ।
- कृषि, पशुपंक्षी तथा सहकारी क्षेत्रको विकास ।
- लघु उद्यम विकास, रोजगारी सृजना, सशक्तीकरण र समावेशी विकास ।
- पर्यटन पूर्वाधार विकास ।
- लक्षित कार्यक्रम ।
- जनतासँग उपमेयर कार्यक्रम ।
- खेलकुद विकास ।
- प्राकृतिक प्रकोप न्यूनीकरण तथा व्यवस्थापन ।
- कर्मचारी र जनप्रतिनिधिको क्षमता विकास तथा सेवा प्रवाह सुदृढीकरण कार्यक्रम ।
- जनताको अति आवश्यक मागमा आधारित कार्यक्रम सञ्चालन गर्ने ।

**सभासदस्य ज्युहरु,**

अब म यस नगरपालिकाको आ.व. २०८२/८३ को प्रस्तावित नीति प्रस्तुत गर्ने अनुमति चाहन्छुः

**१. आर्थिक विकास क्षेत्रतर्फ**

**१.१ कृषि तथा पशुपंछी विकाससम्वन्धी नीति**

यस नगर क्षेत्रका अधिकांश बासिन्दा कृषिमा निर्भर रहेका कारण कृषिको आधुनिकीकरण र व्यवसायीकरण गरी आम कृषकको जीवनस्तरमा परिवर्तन ल्याउनका लागि निम्नअनुसारका नीतिहरु लिइनेछ-

- एक घर एक करेसाबारी, अर्गानिक तरकारी खेतीको कार्यक्रम सञ्चालन गर्दै तरकारी आयातलाई प्रतिस्थापन गर्ने नीति लिईनेछ ।
- रैथाने बालीहरुको संरक्षण गर्नेको लागि विउँ बैंक स्थापना गर्ने नीति लिईनेछ ।
- एक वडा एक उत्पादनको कार्यक्रममार्फत् कृषि उत्पादनमा वडाहरुलाई विशिष्टिकरण गर्दै उत्पादन वृद्धि गर्ने नीति लिईनेछ ।
- कृषि प्रदर्शनी मेला आयोजना गर्दै विभिन्न शीर्षकमा उत्कृष्ट किसानहरुलाई प्रोत्साहन गर्ने नीति लिईनेछ ।
- फलफुल खेती, अन्नबाली, अदुवा, बेसार, कागती, अकबरे खुर्सानीको पकेट, जोन सुपरजोनलाई निरन्तरता दिइने कार्यक्रम सञ्चालन गरिनेछ ।
- मौरीपालनको लागि किसानहरुलाई आधुनिक घार वितरण कार्यक्रम सञ्चालन गरिनेछ ।
- पशु किसानहरुलाई सहजा हुने गरि पायक पर्ने ठाँउमा पशु प्राविधिक सेवा उपलब्ध गराउने नीति लिइने छ ।
- पूर्ण पशु खोप अभियान सञ्चालन गरी पशु खोप कार्ड वितरण गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।
- किसानले बुझाउने विमा शुल्कको ५०% अनुदानसहित पशु विमा कार्यक्रम सञ्चालन गरिनेछ
- नश्ल सुधार कार्यक्रममार्फत् उन्नत जातको पशु उत्पादन गर्ने नीति लिईनेछ । साथै नगरपालिकाले वितरणा गरेका उन्नत जातका बोका तथा पाठीहरूको अनुगमन गरि उत्पादन भएका पाठा पाठीहरूलाई पुनः अर्को समूहमा वितरण गर्ने कार्यक्रम सञ्चालन गरिने छ ।
- सामुदायिक वनसँगको सहकार्यमा सामुहिक घाँस खेती कार्यक्रम सञ्चालन गरिनेछ ।
- समूहमा आधारित खेती प्रणालीलाई प्रोत्साहन गर्दै ४ इन्चको बोरिङ, कृषि औजार र टनेलमा ५० प्रतिशत अनुदानमा प्रदान गरिनेछ ।

- किसानहरूलाई प्राविधिक सहयोय गर्न कृषि प्राविधिकको व्यवस्था गरी वडा कार्यालयबाट सेवा प्रवाह गरिनेछ ।
- बाँदर आतङ्कलाई न्यूनीकरण गर्न सामुदायिक वनसँग सहकार्य गरी वन क्षेत्रमा फलफुलको विरुवा रोपन तथा आधुनिक प्रविधिहरू प्रयोग गरि नियन्त्रणाका कार्यक्रम सञ्चालन गरिनेछ ।
- किसानहरुलाई वीउविजन उत्पादन गर्नको लागि प्राविधिक तालिम प्रदान गरिनेछ।
- स्वास्थ, स्वच्छ र गुणस्तरीय मासु,अण्डा, दुध उत्पादनमा कृषकलाई प्रोत्साहन गरिनेछ ।

**१.२पर्यटनसम्वन्धी नीति**

- कोशी प्रदेशको पर्यटन वर्ष २०८२ लाई सफल पार्न चौदण्डीगढी नगरभित्रका प्राकृतिक, साँस्कृतिक, ऐतिहासिक तथा धार्मिक दृष्टिकोणबाट महत्त्वपूर्ण पर्यटकीय स्थलहरुको प्रचार प्रसार गरी आन्तरिक र बाह्य पर्यटकलाई चौदण्डीगढी भ्रमण गराउने नीति लिईनेछ ।
- चौदण्डीगढी दरबार क्षेत्रमा होम स्टे सञ्चालन गरिनेछ ।
- बेल्टार बजार क्षेत्रमा बजार व्यवस्थापन तथा विकास समितिद्धारा बेल्टार-बसाहा उद्योग वाणिज्य सङ्घको सहकार्यमा विभिन्न स्थानीय जातीय परिकार सहितको ***Street food festival*** सञ्चालन गरिनेछ ।
- पर्यटनको योजनावद्ध सर्वाङ्गिण विकासको लागि सङ्घीय र प्रदेशका निकायहरुमा योजना मागको गरिने नीति अवलम्बन गरिनेछ ।

**१.३ सहकारीसम्बन्धी नीति**

नेपालको संविधानले अर्थतन्त्रको विकासको लागि सहकारी क्षेत्रलाई एक महत्त्वपूर्ण आधारका रुपमा लिएको अवस्थामा नगरको विकासमा सहकारी क्षेत्रको योगदानलाई बढाउनका लागि निम्न नीतिहरु अवलम्बन गरिनेछ-

- नगर क्षेत्रभित्र रहेका सम्पूर्ण सहकारी संस्थाहरुको अनुगमन, नियमर्न र क्षमता अभिबृद्धि गरि नगर क्षेत्रको अर्थतन्त्र विकासमा योगदान पुर्याउन, सहकारी व्यवस्थापन सूचना प्रणाली (COPOMIS) मा आबद्ध गरिने छ ।
- सहकारी व्यवस्थापन सूचना प्रणाली (COPOMIS) मा आबद्ध भएका सहकारी संस्थाहरुको बिवरण प्रणालीमा प्रविष्टि गर्नका लागि प्रोत्साहित गरिने नीति लिइनेछ ।
- सहकारी संस्थाहरुको सघन अनुगमनलाई तिब्रता दिइनेछ ।
- गरिबी निवारण कोषबाट गठन भई हाल नगरपालिकामा हस्तान्तरण भएका सामुदायिक संस्थाहरुको आन्तरिक बचत र गरिबी निवारण कोषबाट प्राप्त भएको बिउँ पुँजी सदुपयोग गर्नका लागि सामुदायिक संस्थाहरुलाई एकिकृत गरी सहकारीमा रुपान्तरण गरिनेछ ।
- नियमित रुपमा विवरण नबुझाउने सहकारी संस्थाहरुको दर्ता खारेज गरिने नीति लिइनेछ ।
- यस नगरपालिकाभित्रका विषय र उद्देश्य मिल्ने सहकारी संस्थाहरुलाई एकीकरण गर्न र इच्छुक बहुउद्देश्यीय सहकारीलाई लागत साझेदारी गरि उद्योग खोल्ने प्रर्वद्धन मिलाईने छ।
- सङ्घीय सरकारको साना तथा युवा स्वरोजगारसंगको सहकार्यमा सहकारीको माध्यमबाट साना तथा घरेलु उधोगलाई विभिन्न सहयोग गरी युवाहरुलाई स्वरोजगार बनाउने कार्य अगाडी बढाईने छ ।

**१.४ सिञ्चाईसम्वन्धी नीति**

कृषि विकासको अपरिहार्य आधारको रुपमा रहेको सिचाइ क्षेत्रलाई विकास गर्नका लागि देहायका नीतिहरु लिइनेछ-

- नगरक्षेत्रभित्र निर्माणाधीन सिञ्चाई योजनालाई निरन्तरता दिदै, निर्माण सम्पन्न भईसकेका सिंचाई प्रणालीहरुको मर्मत-सुधार एवम सम्भाव्यता भएका श्रोत मुहानहरु पहिचान गरि कुलो निर्माण, भूमीगत सिञ्चाईलगायत प्रविधियुक्त सिञ्चाईहरुको लागि आवश्यक पहलकदमी गर्दै नगरको आफ्नै श्रोत वा राष्ट्रिय, अन्तर्राष्ट्रिय सरकारी तथा गैरसरकारी सङ्घ

संस्थासँग साझेदारी र सहभागितामुलक लगानीमा उत्पादन बृद्धि गराउने नीति अवलम्बन गरिनेछ।

- पोखरी निर्माण तथा स्यालो ट्युबेललाई प्रथामिकता दिइने छ ।
- खेर जाने पानी भल, बलेंसी, भान्साबाट निस्कने पानीलाई व्यवस्थित गरि सिञ्चाईमा प्रयोग गरिने नीति लिइने छ ।

**१.५ वन तथा वातावरणसम्बन्धी नीति**

वन वातावरण संरक्षण र हरियाली प्रवर्द्धनका लागि निम्न नीतिहरु लिइनेछ-

- नगर क्षेत्रका वनहरुमा जैविक विविधता, सीमसार, पानीको मुहान, कुवा, ईनार संरक्षण लगायतका कार्यबाट वन वातावरणको संरक्षण तथा हरियाली प्रवर्द्धनका लागि स्थानीय सामुदायिक वन उपभोक्ता समिति र डिभीजन/सब-डिभीजन वन कार्यालयहरुसँग समन्वय र साझेदारी गरि विकास निर्माण तथा जनचेतनामूक क्रियाकलाप सञ्चालन गर्न र नगर क्षेत्रका खाली भाग, नाङ्गा डाँडापाखा तथा सडकका दायाँबाया क्षेत्रमा वृक्षारोपणको कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

**१.६ भूमीसम्बन्धी नीति**

- यस नगरपालिकाभित्रको भूमी व्यवस्थापनसँग सम्बन्धित (ऐलानी पर्ती जमिन व्यवस्थापन, अव्यवस्थित बसोवास र नापी भई पुर्जाविहिन जमिनहरुको) व्यवस्थापन गर्नको लागि नेपाल सरकारले गठन गरेको राष्ट्रिय भूमी आयोगसँग सहकार्य गर्दै भूमी समस्याको समाधान गर्ने नीति लिइनेछ ।
- स्थानीय रुपमा भूमी समस्या समाधान गर्न नगरस्तरीय भूमी व्यवस्थापन आयोग गठन गरी नगरभित्रका अव्यवस्थित वसोवास,प्रक्रिया गत अधुरा रहेका जग्गा, ऐलानी पर्ती जमिनमा भोगचलन गर्दै आएका नागरिकहरुलाई जग्गा भोगाधिकार पुर्जा वितरण गर्ने नीति लिइने छ ।

**२. सामाजिक विकाश क्षेत्रतर्फ**

**शिक्षासम्बन्धी नीति**

नागरिकको आधारभूत अधिकारको रुपमा रहेको शिक्षा क्षेत्रको विकासका लागि निम्न नीतिहरु लिइनेछः

- शिक्षामा सुधार देश विकासको आधार भन्ने भावना विकास गर्दैनगर क्षेत्रको शैक्षिक गुणस्तर बढाउन विद्यालय तहको सेवा प्रवाहलाई थप प्रभावकारी र जवाफदेही बनाईने छ ।
- विद्यालयको व्यवस्थापन सुधार तथा शैक्षिक उपलब्धि अभिबृद्धिका लागि प्रधानाध्यापकसँग कार्यसम्पादन करार कार्यलाई निरन्तरता दिईनेछ र शिक्षकहरुको कार्यसम्पादनलाई विधार्थीहरुले हासिल गरेको सिकाई उपलब्धीसँग आवद्ध गरिनेछ
- प्रारम्भिक बालशिक्षा र गुणस्तरीय माध्यमिक शिक्षामा पहुँचको सुनिश्चित गरिने छ ।
- विद्यालयहरुको मागको आधारमा स्रोतको व्यवस्थापन गर्नुका साथै नगरपालिका क्षेत्रभित्रका विद्यालयहरुमा आवश्यकता र औचित्यताको आधारमा दरबन्दी मिलान, विद्यालय समायोजन, तह तथा कक्षा थप तथा मिलान, कक्षा घटाउने, विद्यालय गाभ्ने, विषयगत, कक्षागत र न्यूनतम विद्यार्थी शिक्षक अनुपात कायम गर्नेलगायतका कार्यहरुलाई निरन्तरता दिईनेछ।
- विद्यालय उमेरका सम्पूर्ण बालबालिकालाई **विद्यालय भित्राउने, टिकाउने र सिकाउने** नीतिलाई निरन्तरता दिइनेछ ।
- नगर क्षेत्रभित्रका संस्थागत विद्यालयलाई गरिब, जेहेन्दार, द्वन्द्व पिडित, महिला, दलित र विपन्न परिवारका विधार्थीहरुलाई अनिवार्य १० प्रतिशत छात्रवृत्ति प्रदान गर्ने व्यवस्था गरिनेछ ।

- विद्यार्थी-मेयर भलाकुसारी कार्यक्रम सञ्चालनमा गरिने छ ।
- **विपन्न विद्यार्थी लक्षित छात्रवृति कार्यक्रम** सञ्चालन गरि नगरभित्रका बिपन्न दलित, अपाङ्ग, जेहेन्दार, जनजाति, एकल महिलाका सन्तान, लोपोन्मुख जातजाति, मधेसी, मुस्लिम विधार्थीहरुलाई नगरभित्रै माध्यमिक तह र उच्च शिक्षा हासिल गर्न सहयोग गरिनेछ ।
- संस्थागत विद्यालयहरुमा कार्यरत शिक्षक तथा कर्मचारीहरुलाई नेपाल सरकारले तोकेको न्युनतम पारिश्रमिक बैंक खातामार्फत् भुक्तानी गर्ने व्यवस्था मिलाईने छ । साथै संस्थागत विद्यालयहरुलाई वर्गिकरणको आधारमा लिँदै आएको मासिक शुल्कलाई पुनरावलोकन गरी वैज्ञानिक मापदण्डमा आधारित बनाइनेछ।
- सामुदायिक विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुको नियमित स्वास्थ्य जाँच, प्राथमिक उपचार र स्वास्थ्य सचेतनाको लागि नगरपालिका सहरी स्वास्थ्य केन्द्रमा कार्यरत स्वास्थ्यकर्मीहरुलाई परिचालन गरिनेछ।
- नगर क्षेत्रको शैक्षिक गुणस्तर बढाउन विद्यालय र शिक्षकहरुलाई थप प्रभावकारी र जवाफदेही बनाउनका लागि विद्यालयहरुको कार्यसम्पादन परीक्षण गरिने र कार्यसम्पादनमा आधारित पुरस्कार र प्रोत्साहन कार्यलाई निरन्तरता दिइनेछ ।
- वडा शिक्षा समितिलाई क्रियाशील र प्रभावकारि बनाउनको लागि आवश्यक कार्यविधि,श्रोत र साधनको व्यवस्था मिलाईने छ ।
- विद्यार्थीहरुको सिकाई स्तरमा मूल्याङ्कनमा समानता ल्याउनका लागि नगरस्तरीय परिक्षा सञ्चालन तथा मूल्याङ्कन लागू गरिने छ ।
- यस नगर क्षेत्रभित्रबाट MBBS अध्यानका लागि एक जना विधार्थीलाई अध्यान अनुदान प्रदान गरिने छ ।
- **विद्यालयमा योग अभ्यास** कार्यक्रम सञ्चालन गरी योग अभ्यासलाई शिक्षासँग जोडिने नीति लिइनेछ ।
- वडा शिक्षा समितिमार्फत् **जिम्मेवार प्रधानाध्यापक, सचेत अभिभावक तथा सक्षम विद्यार्थी** कार्यक्रम सञ्चालन गरिने नीति लिइनेछ ।
- शिक्षक विद्यार्थीको अनुपातमा शिक्षकको दरबन्दी मिलान गरिने छ ।

### २.२ जनस्वास्थ्य तथा पोषणसम्बन्धी नीति

नगरबासीको आधारभूत स्वास्थ्यको मौलिक अधिकारलाई प्रत्याभूत गर्न र कुपोषणको समस्यालाई न्यूनिकरण गर्नका लागि निम्न नीतिहरु लिइनेछ -

- जनस्वास्थ्य तथा पोषण बारे सचेतना कार्यक्रम सञ्चालन गरी बहुक्षेत्रीय पोषण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- मातृ शिशु स्वास्थ्य सुरक्षाका र प्रजनन स्वास्थ्य सुधारका लागि विभिन्न सचेतनामुलक कार्यक्रम, स्वयंसेविका परिचालन तथा विभिन्न परामर्श मुलक क्रियाकलपहरु सञ्चालनमा ल्याइनेछ ।
- कुपोषित बालबालिका रहित नगर बनाउन गर्भवती र सुत्केरी आमाहरुलाई पोषणसम्बन्धी जनचेतना मुलक कार्यक्रम सञ्चालन गरिनेछ ।
- वडाका सबै स्वास्थ्य संस्थाहरुमा आवश्यकताका आधारमा २४ घण्टे बर्थिङ्ग सेन्टर सञ्चालनलाई निरन्तरता दिईनेछ ।
- विपन्न विरामीहरुको उपचारको लागि उपलब्ध गराउँदै आएको आर्थिक सहयोगलाई विपन्नताको आधारमा निरन्तरता दिइनेछ ।
- यस नगरपालिकाको प्रमुख स्वास्थ्य संस्थाको रुपमा रहेको नगर अस्पताल बेल्टारको भौतिक पूर्वाधार र जनशक्तिको उचित व्यवस्थापन गर्दै नागरिकहरुलाई गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्नका लागि भइरहेको सेवालाई थप सुदृढ र प्रभावकारी बनाउँदै अन्य सेवा समेत थप गरिनेछ ।

तथा पञ्जिकरण व्यवस्थापनअन्तर्गत सञ्चालित व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा सुदृढीकरण आयोजना कार्यक्रमलाई नगरपालिकाको साझेदारीमा निरन्तरता दिइनेछ ।

- सामाजिक सुरक्षाका लाभग्राहीहरुको विकास र प्रवर्द्धनका लागि विभिन्न लक्षित कार्यक्रम तथा उद्यमशीलता र स्वरोजगार मुलक कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- अति विपन्न परिवारलाई मृत्युसंस्कार खर्च सहयोग, विपद विशेष राहत कोषजस्ता कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- एकल, विपन्न,दलित महिलाहरूको क्षमता अभिवृद्धि तथा आर्थिक विकासको लागि विभिन्न कार्यक्रम सञ्चलान गरिने छ ।
- श्रम डेक्स स्थापना गरि श्रमिकहरूको हक हितमा कार्य गर्ने नीति लाईने छ ।

**२.६ महिला, बालबालिका तथा जेष्ठ नागरिकसम्बन्धी नीति**

समावेशी विकासका माध्यमबाट मात्र विकासको प्रतिफल र लाभ सबै नगरबासीहरुमा पुग्ने भएकोले महिला तथा बालबालिकाहरुको विकासका लागि निम्न नीतिहरु लिइनेछः

- महिला, बालबालिका र किशोर किशोरीमा हुने सबै प्रकारका हिंसा अन्त्यका लागि सञ्चालन गरिएका कार्यक्रमहरुलाई निरन्तरता दिईनेछ ।
- महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिकलगायतका लक्षित बर्गलाई क्षमता विकास, सशक्तीकरण तथा सचेतनामुलक कार्यक्रम तथा आयआर्जनमुलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- सुरक्षित आप्रवासन कार्यक्रम(सामी) र नेपाल मानसिक स्वास्थ्य तथा परामर्श केन्द्र (CMC) नेपालद्वारा सञ्चालित कार्यक्रमहरुलाई नगरपालिकाको समेत साझेदारीमा निरन्तरता दिइनेछ ।
- प्रदेश सरकार, स्थानीय सरकार र करुणा फाउण्डेसन नेपालको त्रिपक्षीय लागत साझेदारीमा सञ्चालित अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- योजना तर्जुमा र कार्यन्वयनमा महिलाको सहभागिता र लाभ सुनिश्चित गर्नका लागि लैङ्गिक उत्तरदायी बजेट (GRB) को अवधारणा अनुसार नीति, कार्यक्रम, बजेट, योजना तर्जुमा र कार्यान्वयनमा महिलाहरुको क्षमता विकास हुने, सहभागिता बढ्ने, रोजगारी अझ बृद्धि हुने र महिलाहरुको परम्परागत कार्यबोझमा कमी ल्याउने व्यवस्था मिलाईनेछ ।
- बालबालिकाको अधिकार सुनिश्चित गर्नका लागि बालमैत्री स्थानीय शासन कार्यन्वयन गरिने छ ।
- जेष्ठ नागरिक सम्मान तथा भेटघाट कार्यक्रम साथै शितल चौतारी निर्माण कार्यक्रमलाई आवश्यकताका आधारमा जनशक्ति थपघट गरि कायम गरिने छ ।

## ३. पूर्वाधार विकास क्षेत्रतर्फ

**३.१ स्थानीय पूर्वाधारसम्वन्धी नीति**

विकासको महत्त्वपूर्ण आधारको रुपमा रहेको स्थानीय पूर्वाधार विकासमा निम्न नीतिहरु लिइनेछः

- आर्थिक वर्ष ०८२/०८३ लाई **भौतिक पूर्वाधार निर्माण वर्षको** रुपमा अगाडी बढाइने छ । नगर क्षेत्रभित्रका सडक निर्माण गर्न वडा र टोलसँगको साझेदारीमा कार्यक्रमहरु सञ्चालन गरिने छ ।
- पूर्वाधार विकासलाई मापन योग्य र अनुभूती जन्य बनाउनका पूर्वाधारका ठोस योजनालाई प्राथमिकता दिइनेछ ।
- नगर क्षेत्रभित्रका अत्यावश्यक स्थानमा आवगमनलाई सहज र नियमित गराउन थोरै लगानीमा बन्ने फलामे पुल र कल्भर्ट निर्माण गरिनेछ र विगतमा निर्माण भई सञ्चालनमा आएका पुलहरुको यथोचित संरक्षण र नियमित मर्मत सम्भारको व्यवस्था मिलाईने छ ।

- यस नगरपालिकाअन्तर्गतका आफ्नै भवन नभएका वडा कार्यालय तथा स्वास्थ्य संस्थाहरुको भवन निर्माणलाई क्रमशः अगाडि बढाइने छ ।
- नगर सभाबाट विनियोजन भई स्वीकृत रकम रु. ११,००,०००(एघार लाख) माथिका पूर्वाधारतर्फका योजना तथा कार्यक्रमहरु ठेक्का प्रक्रियामार्फत् सञ्चालन गरिनेछ । साथै जटिल प्रकृतीका योजनाहरु सञ्चालन गर्नका लागि सोभन्दा कम बजेटलाई समेत ठेक्कामार्फत् सञ्चालन गर्न सकिने छ ।
- प्रधानमन्त्री रोजगार कार्यक्रमलाई नगरपालिकाको समेत आर्थिक/योजना साझेदारीमा पूर्वाधारका योजना सञ्चालनको कार्यलाई प्रभावकारी रुपमा निरन्तरता दिइनेछ ।
- ठूला तथा नगरपालिकाको श्रोतले सञ्चालन गर्न सम्भव नहुने आयोजनाहरु सङ्घ, प्रदेश, साझेदार निकाय र स्थानीय तहको साझेदारीमा सञ्चालन गरिनेछ ।
- नगर क्षेत्रमा विद्युतीकरणलाई निरन्तरता दिँदै पुराना र जिर्ण भएका काठको पोलहरु क्रमशः विस्थापन गर्ने र माग अनुसार नयाँ पोल विस्तार कार्यलाई निरन्तरता दिईनेछ । विद्युतको गुणस्तरलाई बृद्धि गराउन विद्युत प्राधिकरणको समन्वयमा ट्रान्सफरम क्षमता बृद्धि गरिने नीति लिइने छ ।
- बजार व्यवस्थापनका लागि छिमेकी जिल्ला जोडिने सडक सञ्चालनलाई प्राथमिकता दिई बजारलाई चलायमान बनाउने, त्रियुगा वारिपारीलाई बर्खायाममा समेत आवातजावत हुने गरी संरचना निर्माण गरिने र मूल सडकलाई बजारसम्म पहुँच पुर्याउने नीति लिइने छ ।

**३.२ भवन तथा सहरी विकाससम्वन्धी नीति**

सुरक्षित तथा व्यवस्थित वस्ती विकास र सहरीकरणका लागि निम्न नीति लिइनेछः

- नगरको मुख्य बजारलगायत अन्य सम्भावित बजार क्षेत्रहरुमा निर्माण गरिने भवनहरुलाई भवन मापदण्डअनुरुप निर्माण गर्ने गराउने कार्यलाई निरन्तरता दिइनेछ ।
- नगरक्षेत्रमा निर्माण गरिने भवनहरुलाई भवन मापदण्ड अनुरुप निर्माण गरी सोको आधारमा निर्माण गर्ने व्यवस्था गर्नको लागि हाल कार्यान्वयनमा आएको भवन निर्माण सम्बन्धी विनियम, २०७१ (संशोधित तथा परिमार्जित २०७४) को कार्यन्वयनमा निरन्तरता दिइनेछ ।
- नगरक्षेत्रमा रहेका सडकहरुको मापदण्ड कायम गर्ने, सडकमा परेका जग्गाको लगत कट्टा गर्ने कार्य गरिनेछ ।
- हाट बजारको उचित व्यवस्थापनका लागि स्थल निर्माण गरि तरकारीजन्य वस्तुको थोक विक्री केन्द्र तोकिनेछ साथै खुल्ला रूपमा मासु बिक्रीमा बन्देज लगाइने छ।
- बजार क्षेत्रमा रहेका ढलहरुको सफाई गरिनेछ । फुटपाथको निर्माणबाट बजार सौन्दर्यीकरण र व्यवस्थापन गरिनेछ ।
- यस नगर क्षेत्रमा निर्माण भएका सबै पक्कि घरहरुलाई अनिवार्य रुपमा नगरपालिकामा अभिलेखीकरण गराई नयाँ घर तथा भवनहरु निर्माण गर्दा नक्सापास गरेर मात्र निर्माण गर्ने व्यवस्था मिलाईनेछ ।
- घर निर्माण सामाग्री बाटोमा राखेर सडकलाई अवरोध गराउने कार्यलाई रोकिने छ ।

## ४. सुशासन तथा अन्तर सम्वन्धित क्षेत्रतर्फ

### ४.१ सूचना प्रविधि तथा सञ्चार सम्बन्धी नीति

आजको सूचना प्रविधिको युगमा सूचना प्रविधिको विकास र प्रयोगका साथै नागरिकको जान्न पाउने हकलाई सुनिश्चित गर्न सूचना तथा सञ्चार क्षेत्रमा निम्न नीतिहरु लिइनेछः

- नगरपालिकाका विभिन्न गतिविधि तथा व्यक्तिगत घटना दर्ता र सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा लक्षित वर्गको जानकारी र पहुँचमा पुर्‍याउनको लागि स्थानीय पत्रपत्रिका तथा रेडियोमार्फत् सूचना एवम जानकारी प्रकाशन तथा प्रशारण कार्यलाई निरन्तरता दिईनेछ ।

- नगरपालिकाबाट प्रवाह हुने सेवा र क्रियाकलापहरुलाई सूचना प्रविधिमा आधारित बनाउँदै सुशासन कायम गर्ने प्रयास गरिनेछ ।
- सूचना प्रविधिमा आधारित तथ्याङ्क व्यवस्थापनको स्थापना गर्ने उद्देश्यले एकीकृत स्थानीय वस्तुगत विवरण (ILG Profile) निर्माण गरी विभिन्न सरकारी प्रणालीसँग अन्तरआवद्ध गरी सेवा प्रावाहको क्रममा विवरणहरु स्वतःअद्यावधिक (LIVE UPDATE) हुने पद्धति विकास गर्न पहल गरिनेछ।

**४.२ आयआर्जन तथा रोजगारीसम्बन्धी नीति**

नगर क्षेत्रको समग्र विकास र समृद्धिका लागि नागरिकको आय-आर्जन तथा स्वरोजगारी आर्थिक विकासको आधार भएकोले नगर क्षेत्रभित्रको आयआर्जन र रोजगारी प्रवर्द्धनका लाग निम्न नीति लिइनेछ ।

- गरिवी निवारणको लागि लघु उद्यम विकास कार्यक्रमलाई न.पा.को साझेदारीमा निरन्तरता दिईनेछ ।
- वैदेशिक रोजगारीबाट फर्केकाहरुका व्यक्तिहरुको सीप, ज्ञान, प्रविधि, पूँजी र क्षमताको पूर्ण उपयोग गर्दै उनीहरुलाई स्वदेशमै उद्यमशिलतामा लगाउनका लागि आवश्यक सीप तथा तालिम एवम वित्तीय पहुँच अभिवृद्धि गरिनेछ र वैदेशिक रोजगारीमा जान चाहनेलाई सुरक्षित वैदेशिक रोजगारीका लागि आवश्यक समन्वय, पहल र परामर्श दिईनेछ ।
- रोजगारीको क्षेत्र पहिचान गर्ने, नक्साङ्कन गर्ने, रोजगारदाताको माग बमोजिमको श्रमिक उपलब्ध गराउन सहजीकरण गरिने छ ।
- बेरोजगार व्यक्तिहरुको ज्ञान, सीप,योग्यता, अनुभव र बजारको मागका आधारमा आवश्यक पर्ने विभिन्न किसिमका सीपमूलक कार्यक्रम सञ्चालन गरी **सीप सिकौँ रोजगार वनौँ, आफ्नै पौरख आफ्नै गौरव** कार्यक्रम सञ्चालन गरि आत्मनिर्भर बनाउनतर्फ जोड दिइने छ ।
- प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनका लागि स्थापित र सञ्चालित रोजगार सेवा केन्द्रको प्रभावकारीता वृद्धि गरिनेछ
- नेपालको संविधान २०७२ को धारा २३२ (१) बमोजिम प्रदेश सरकार तथा संघ सरकारसँग समन्वय, सहकार्य र सहअस्तित्वका आधारमा सम्बन्ध अगाडि बढाइनेछ
- नगरपालिकाभित्र सञ्चालन हुने राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरुको कार्यक्रमहरुमा नगरपालिकाले समन्वय र सहकार्य गर्नेछ र गै.स.स.हरुको कामको नियमित अनुगमन र नियमन गरिनेछ ।

**४.३ जनतासँग उपमेयर कार्यक्रमसम्बन्धी नीति**

आम जनता र निर्वाचित जनप्रतिनिधिबीच विश्वासपूर्ण सम्बन्ध कायम गर्दै स्थानीय सरकारको अनुभूति र अपनत्व दिलाउन तथा स्थानीय सरकारलाई जनताको सुख दुःखको सहयात्री बनाउनका लागि नगरपालिकाबाट सञ्चालित जनतासँग उपमेयर कार्यक्रमलाई निम्न नीतिसहित निरन्तरता दिइनेछः

- अति विपन्न नागरिकहरुलाई आपतकालीन सहयोग र महिलाहरुलाई गर्भवस्थादेखि भिडियो एक्सरे तथा अन्य जाँचहरु निशुल्क रुपमा उपलब्ध गराइनेछ ।
- सुत्केरी महिलाहरुका लागि सुत्केरी कोसेली कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- सुनौलो हजार दिनका आमाहरुलाई पूर्णपोषणको लागि वितरण गरिने पोषण प्याकेजलाई निरन्तरता दिइनेछ ।
- शुन्य घर प्रसुती (Zero Home Delivery)लाई जिल्लाभर निशुल्क एम्बुलेन्स सेवासमेतको माध्यमबाट प्रोत्साहन गरिनेछ ।
- वडा नं. १ र ८ का गर्भवती महिलाहरूको गर्भवती जाँच गराउँदा स्वास्थ्य संस्थामा जाँदा खाजाको व्यवस्था गरिने छ ।

Sangam

- किशोरी प्रजनन स्वास्थ्यसम्बन्धी कार्यक्रम सञ्चालन गरिने छ ।

४.४ **विपद् व्यवस्थापनसम्बन्धी नीति**

विभिन्न प्रकारका विपद्को उच्च जोखिममा रहेको यस नगरपालिकामा विपद् व्यवस्थापनका लागि निम्न नीतिहरु लिइनेछः

- नगरस्तरीय विपद् व्यवस्थापन समिति र वडास्तरीय विपद व्यवस्थापन समितिलाई थप क्रियाशील र प्रभावकारी बनाइनेछ ।
- विपद्को लागि अत्यावश्यक सामग्रीहरुको व्यवस्थापन गरिनेछ ।
- जलजन्य विपदबाट क्षति न्यूनीकरण गर्नका लागि नदीजन्य पदार्थको उत्खनन तथा विक्रीबाट प्राप्त रकमबाट विभिन्न खहरे खोला तथा नदिका कारण हुने जोखिमयुक्त स्थानमा तटबन्ध तथा नदी नियन्त्रणका कार्यहरुलाई निरन्तरता दिईनेछ ।
- विपद्को प्रभावकारी र योजनावद्ध व्यवस्थापनका लागि यस नगरपालिकाको स्थानीय विपद् जोखिम व्यबस्थापन योजना (LDRMP)निर्माण गरि कार्यान्यन गरिनेछ ।
- विपद कोष स्थापना गरि आपतकालीन सहयोग कार्यक्रम सञ्चालन गरिनेछ ।
- विपद् तथा महामारीको समस्याबाट बच्नका लागि स्थानीय संचार माध्यमबाट जनचेतना मुलक विषयहरु प्रकाशन प्रसारण गर्नको साथै यस क्षेत्रमा क्रियाशील सरकारी तथा गैर सरकारी निकायहरुसँग समन्वय, सहकार्य र साझेदारी गरिनेछ
- बजार क्षेत्रमा Fire Hydrant जडान गरिने छ ।

**४.५ गैर सरकारी संस्थासम्बन्धी नीतिहरु**

- नगरपालिका क्षेत्रभित्र कार्यक्रम गर्ने गैरसरकारी संस्था, सामुदायिक संस्था तथा सामाजिक संस्थाले नगरपालिकामा सूचीकृत गरी कार्यक्रम स्वीकृत गराई कार्यन्वयन गर्ने व्यवस्था मिलाईनेछ ।

**४.६ सञ्चारसम्वन्धी नीति**

- नगरमा सञ्चालित सञ्चार माध्यमहरुको प्रवर्द्धन गर्ने नीति लिइनेछ ।
- नगरमा क्रियाशील पत्रकारहरुको क्षमता अभिवृद्धि तथा संरक्षण गर्ने नीति लिइनेछ ।

**५. कार्यालय सञ्चालन तथा प्रशासनिक क्षेत्रतर्फ**

**५.१ स्थानीय शासन सम्वन्धी नीति**

नेपालको संविधानले राज्य शक्तिको प्रयोग सङ्घ, प्रदेश र स्थानीय गरी तीन तहको संरचनाबाट हुने व्यवस्था गरी छुट्टा छुट्टै एवम् साझा अधिकारहरु निर्धारण गरेको सन्दर्भमा स्थानीय शासनसम्बन्धी देहायका नीतिहरु लिइनेछः

- वातावरणमैत्री स्थानीय शासन र बालमैत्री स्थानीय शासन सञ्चालन गरिने छ
- स्थानीय सरकार सञ्चालनसँग सम्बन्धित स्थानीय कानूनको पुनरावलोकन र आवश्यक पर्ने नयाँ कानुनको निर्माण गरी निर्मित कानुन सम्बन्धी शिक्षा तथा सचेतना कार्यक्रम सञ्चालन गरिने छ ।
- नगरपालिकाको वस्तुगत विवरणलाई अद्यावधिक गरी तथ्याङ्क तथा सूचनालाई सूचना प्रविधिमा आधारित बनाइनेछ ।
- भूमिको यथोचित उपयोग र व्यवस्थापनका लागि नेपाल सरकारको भूउपयोग ऐन तथा भूउपयोग नीति कार्यान्वयनमा ल्याइनेछ ।
- आम नगरबासी र स्थानीय सरकारबीच सुमधुर र विश्वासिलो सम्बन्ध कायम गर्न विभिन्न उमेर समूह र समुदाय (बालबालिका, किशोरकिशोरी, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, दलित तथा मुसहर समुदाय आदि) सँग मेयर उपमेयरको नियमित भेटघाटको कार्यलाई निरन्तरता दिईनेछ ।
- स्थानीय शासनलाई सफल र प्रभावकारी बनाउन नगर क्षेत्रभित्रका बौद्धिक बर्गहरुको समूह (चिकित्सक, वकिल, राजनीतिज्ञ, संचारकर्मी, विभिन्न विषय विज्ञ, उद्योगी व्यवसाय,

समाजसेवी, शैक्षिक प्राज्ञिक क्षेत्रका व्यक्तित्व तथा उच्च प्रशासक र सुरक्षा विज्ञलगायत)लाई नगरको विकासको साझेदार बनाउन र बौद्धिक वर्गबाट सल्लाह, सुझाव र सहयोग लिने कार्यलाई निरन्तरता दिईनेछ

- नगरपालिका र मातहतका शाखा, निकाय र कार्यालयको स्वीकृत दरबन्दी संरचना, कार्यरत जनशक्ति, कार्यबोझ र नगरपालिकाको आर्थिक क्षमताबीच सन्तुलन कायम गर्न दरबन्दी संरचनालाई छरितो बनाइनेछ ।

नगर क्षेत्रभित्रका विभिन्न उमेर समूह तथा जाति र वर्गको विकास र उत्थानका लागि पहल गर्न र नगरपालिकालाई आवश्यक सल्लाह सुझाव र परामर्श दिनका लागि गठित नगरस्तरीय युवा समिति, महिला समिति, दलित वर्ग उत्थान समिति, आदिवासी जनजाति उत्थान समिति, खेलकुद विकास समितिलगायत अन्य समितिहरुलाई क्रियाशील बनाइने छ ।

नगर क्षेत्रभित्रका युवाहरुलाई लागूपदार्थ दुर्व्यसनीमा फस्न नदिन विभिन्न सचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ ।

स्थानीय योजना तथा विकास प्रकृयामा समुदायको सहभागिता अभिबृद्धि गर्न वडाहरुमा टोल विकास संस्था गठन, सञ्चालन र सहयोगका कार्यलाई निरन्तरता दिइनेछ ।

समाजमा भएका र हुन सक्ने विवादलाई प्रारम्भिक चरणमै समाधानका लागि प्रत्येक वडामा रहेका मेलमिलाप केन्द्रलाई क्रियाशील गरिनेछ ।

नगरक्षेत्रमा रहेका सार्वजनिक, पर्ति, ऐलानी जग्गाहरु र ऐतिहासिक तथा धार्मिक महत्वका स्थलहरुको लगत अद्यावधिक गरी सोको संरक्षण, सम्बर्द्धन र प्रबर्द्धनको व्यवस्था मिलाईने छ ।

नगरभित्रका महत्वपूर्ण सडकहरु तथा मुख्य चोकहरुमा सीसी क्यामेरा जडान तथा भएका सडक बत्ति र सीसी क्यामेराको मर्मत गरी सञ्चालन गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

नगरपालिकाको न्यायिक समितिमा पेश हुन आउने उजुरीको छानबिन गरी समयमा नै न्यास सम्पादन गर्नका लागि न्यायिक समितिको सचिवालयलाई व्यवस्थित गर्दै लगिने छ ।

नगरपालिकाको न्यायिक कार्यलाई प्रभावकारी बनाउन मेलमिलापकर्ताहरुलाई परिचालन कार्यलाई निरन्तरता दिईनेछ ।

- बजारको सडकमा जथाभावी निर्माण सामग्री राख्ने, अव्यवस्थित रुपमा फुटपाथमा सामान बेच्ने तथा जथाभावी फोहोरमैला फ्याक्ने एवम बजारलाई अव्यवस्थित बनाउने कार्यलाई निरुत्साहित गर्न उद्योग बाणिज्य सङ्घ र बजार व्यवस्थापन तथा विकास समितिलाई थप जिम्मेवार गरिनेछ ।
- नेपालको संविधान २०७२ को धारा २३२ (१) बमोजिम प्रदेश सरकार तथा सङ्घ सरकारसँग समन्वय, सहकार्य र सहअस्तित्वका आधारमा सम्बन्ध अगाडि बढाइनेछ
- नगरपालिकाभित्र सञ्चालन हुने राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरुको कार्यक्रमहरुमा नगरपालिकाले समन्वय र सहकार्य गर्नेछ । साथै गै.स.स.हरुको कामको नियमित अनुगमन र नियमन गरिनेछ ।
- छुवाछुत मुक्त नगर घोषणा गर्नका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिने छ । साथै विभिन्न धर्म संस्कार र संस्कृतिको संरक्षण गरिने छ ।

### ५.२ सुशासन तथा सेवा प्रवाहसम्बन्धी नीति

शासन सञ्चालन र जनताको विश्वास जित्ने मूल आधारको रुपमा रहेको सुशासन प्रवर्द्धन र सेवा प्रवाहका लागि निम्न नीतिहरु लिइनेछः

- नगर प्रशासनलाई जनताप्रति उत्तरदायी र सेवामूलक तथा स्वच्छ, परिणाममूखी, जवाफदेही र पारदर्शी बनाई सार्वजनिक सेवा प्रवाह र विकास प्रकृयालाई प्रभावकारी बनाउँदै लगिने छ ।

सामाजिक न्याय र समृद्धिको आकाङ्क्षालाई आत्मसात गरेको छ । यस नीति तथा कार्यक्रमको कार्यान्वयनबाट नागरिकलाई सुरक्षा, सामाजिक संरक्षण, शिक्षा, स्वास्थ्यजस्ता सेवा सहज रुपमा उपलब्ध भई सामाजिक न्याय कायम गर्न मद्धत गर्ने छ । यसबाट नागरिकको जीवनस्तरमा गुणात्मक सुधार आई जनताको विकास र सुशासन प्रतिको उच्च अपेक्षालाई सम्बोधन गर्ने अपेक्षा गरेको छु ।

नेपाली जनताको ठूलो त्याग, सङ्घर्ष र वलिदानबाट स्थापना भएको सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको संरक्षण र संवर्द्धन गर्दै लोकतान्तीक र जनउत्तरदायी राजनीतिक व्यवस्थाको माध्यमबाट मुलुकलाई सुशासन र अग्रगमनको दिशामा अघि बढाउन सरकार दृढ सङ्कल्पीत छ । संविधान र प्रचलित कानुनले निर्देश गरे बमोजिम राज्यका नीति र दायित्वको साथै हाम्रा सङ्कल्प र प्रतिवद्धताहरुको कार्यान्वयन गरी आम नागरिकको सुशासन, विकास र समृद्धिको आकाङ्क्षालाई पूरा गर्न तथा राष्ट्रियस्तरमा यस चौदण्डीगढी नगरपालिकाको सम्मान र प्रतिष्ठा वृद्धि गर्न सरकारले आगामी दिनमा आफ्नो कार्यशैली र कार्य प्रणालीलाई थप जिम्मेवार, चुस्त, नतिजामुखी र नागरिकमैत्री बनाउदै लैगिने छ ।

अन्त्यमा, यस चौदण्डीगढी नगरपालिकाको विकासमा योगदान गर्नुहुने राजनितिक दल, राष्ट्रसेवक, श्रमिक, निजी, सहकारी र सामुदायिक क्षेत्र, नागरिक समाज, सञ्चार जगतलगायत सम्पूर्ण दिदि बहिनी, दाजुभाई तथा आमा बुबाहरुमा हार्दिक धन्यवाद तथा कृतज्ञता व्यक्त गर्दछु ।

**धन्यवाद**

**कालुमान लामा**
**नगर प्रमुख**

१. यस नगरपालिकाको सार्वजनिक लेखा समितिले तयार गरी ... बैठक मार्फत स्वीकृत गरी पेश भएको तपशील बमोजिमको प्रतिवेदनलाई छलफल गरी सर्वसम्मत ... पारित गर्ने निर्णय गरियो ।

| क्र.सं | साल | सभा | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | २०७५/७६ | २२ | ५००००० | |
| २ | २०७५/७६ | २७ | १५००० | |
| ३ | २०७५/७६ | ४६ | ३९५१००० | |
| ४ | २०७५/७६ | ४७ र ६२ | ३१३४७८५ | |
| | Total ( A) | | ७,६०८,७८५.०० | |
| ५ | २०७६/७७ | २३ | ३११६४१२ | |
| ६ | २०७६/७७ | ३० | ५२५६०६२ | |
| ७ | २०७६/७७ | ३५ | ७५००० | |
| ८ | २०७६/७७ | ३८ | १७७७०५ | |
| ९ | २०७६/७७ | ४० | १०००००० | |
| १० | २०७६/७७ | ४० | ५५३०० | |
| ११ | २०७६/७७ | ४६ | १०२११४ | |
| १२ | २०७६/७७ | ४७ | ३६९२५१ | |
| १३ | २०७६/७७ | ५८ | १०००००० | |
| | Total ( B) | | १११५१८४४ | |
| १४ | २०७७/७८ | २९ | १८८८१५ | |
| १५ | २०७७/७८ | ३० | ७९२८४३९ | |
| १६ | २०७७/७८ | ३३ | ४२५०० | |
| १७ | २०७७/७८ | ३६ | २६२९४२८ | |
| १८ | २०७७/७८ | ४२ | ८७७२० | |
| १९ | २०७७/७८ | ४७ | ५२००० | |
| २० | २०७७/७८ | ५६ | ३९००००० | |
| २१ | २०७७/७८ | ५९ | १०८८२९९ | |
| २१ | २०७७/७८ | ७० | २५६२९२६ | |
| २२ | २०७७/७८ | ७२ | ४९९४५० | |
| २३ | २०७७/७८ | ७३ | ५३१०४६१ | |
| २४ | २०७७/७८ | ७७ | ४६७२७४० | |
| २५ | २०७७/७८ | ७५ | ३४९५५४१ | |

| | | | | |
|---|---|---|---|---|
| | Total ( C ) | | ३२४५८३१९ | |
| २६ | २०७९/८० | १४ | ५७७९५७ | |
| २७ | २०७९/८० | ३४ | ३७३५०१६ | |
| २८ | २०७९/८० | ४१.३ | ११८६५० | |
| २९ | २०७९/८० | ५८ | ९३२७३३ | |
| ३० | २०७९/८० | ६० | १६८१०८ | |
| ३१ | २०७९/८० | ६७ | ५८१४४० | |
| ३२ | २०७९/८० | ८७. | ५२८०१ | |
| ३३ | २०७९/८० | ९४ | २९११९८५ | |
| ३४ | २०७९/८० | ९५ | ५०९७५ | |
| | Total ( D ) | | ९२८९६६५ | |
| ३५ | २०८०/८१ | २० | १६०१८७६ | |
| ३६ | २०८०/८१ | ३१ | ११२०९३३ | |
| ३७ | २०८०/८१ | ३३ | ६६८२४२ | |
| ३८ | २०८०/८१ | ३८ | ७०४०० | |
| ३९ | २०८०/८१ | ५० | ३९९९०७ | |
| ४० | २०८०/८१ | ५६ | ३९३५४९ | |
| ४१ | २०८०/८१ | ५९ | ६३०३८८ | |
| ४२ | २०८०/८१ | ६१ | ११३६२० | |
| ४३ | २०८०/८१ | ७१ | ९३५८८ | |
| ४४ | २०८०/८१ | ८३.५ | ५२५४९४० | |
| | Total ( E ) | | ११२२७४४३ | |
| | Total ( A+B+C+D+E) | | ७२,५३६,०५६.०० | |

Sangam

(घ) कृषि क्षेत्र भन्नाले कृषि बाली उत्पादन, पशुपन्छीपालन, फार्महाउस, मत्स्यपालन, माहुरीपालन, रेशमखेती लगायत कृषिजन्य उत्पादन, वागवानी वा बनबाटीका, जडिबुटी र कृषि बनको लागि प्रयोग भएको वा हुन सक्ने जग्गा सम्झनु पर्छ ।

(ङ) खानी तथा खनिज पदार्थको उत्खनन क्षेत्रः भन्नाले प्रचलित कानुन बमोजिम खानी तथा खनिज पदार्थको उत्खनन, उत्पादन, शुद्धीकरण, प्रशोधन, सञ्चय गर्ने प्रयोजनले छुट्याइको क्षेत्र सम्झनु पर्छ ।

(च) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(छ) "स्थानीय भुमी आयोग" भन्नाले भुमी व्यवस्थापन उच्च स्तरीय अधिकार सम्पन्न आयोग चौदण्डीगढी उदयपुरलाई सम्झनो

(ज) "भु-उपयोग" भन्नाले भूमिको उपयोग सम्झनु पर्छ ।

(झ) " भु-उपयोग क्षेत्र" भन्नाले दफा ४ बमोजिम वर्गीकरण गरिएको क्षेत्र सम्झनु पर्छ ।

(ञ) " भु-उपयोग क्षेत्र नक्सा" भन्नाले दफा ५ बमोजिम तयार गरिएको नक्सा सम्झनु पर्छ ।

(ट) " भु-उपयोग योजना " भन्नाले स्थानीय भुमी आयोगलाई व्यवस्थित गर्न दफा ६ बमोजिम तयार गरिएको योजना सम्झनु पर्छ ।

(ठ) "भूमि" भन्नाले पृथ्वीको सतह, सतहभन्दा सिधा तल पृथ्वीको केन्द्रसम्म र सतहभन्दा माथि पृथ्वीको गुरुत्वाकर्षणले भेट्ने सीमासम्मको भाग सम्झनु पर्छ ।

(ड) "भूमि विभाग" भन्नाले भूमि व्यवस्था सम्वन्धी विषय हेर्ने स्थानीय सरकारको विभाग सम्झनु पर्छ ।

(ढ) "वन क्षेत्र" भन्नाले प्रचलित कानून बमोजिम तोकिएको वन क्षेत्र सम्झनु पर्छ ।

(ण) "व्यावसायिक क्षेत्र" भन्नाले बैंक, सहकारी र वित्तिय संस्था, पसल, होटेल, प्रदर्शनी कक्ष, पेट्रोल पम्प, गोदामघर, चलचित्रघर, स्वास्थ्य, सञ्चार, मनोरञ्जन सम्बन्धी सेवा, वस्तुको खरिद बिक्रि हुने स्थान कुनै साहित्यिक वैज्ञानिक, प्राविधिक सेवा, सूचना तथा परामर्श उपलब्ध गराउने संस्था, अन्य कुनै व्यबसायिक प्रयोजनको लागि निर्माण गरिएका भवनले चर्चेको जग्गा तथा सो प्रयोजनको लागि छुट्याइएका जग्गा तथा पर्यटन व्यवसायले चर्चेको जग्गा सम्झनु पर्छ र सो शब्दले कुनै निस्चित भौगोलिक क्षेत्रमा बजार विस्तार गर्ने गरी प्रचलित कानून बमोजिम तोकिएको क्षेत्रलाई समेत जनाउँछ ।

(त) "सास्कृतिक तथा पुरातात्त्विक क्षेत्र" भन्नाले धार्मिक स्थल, धर्मशाला, पुरातात्विक महत्वका दरवार तथा प्रचलित कानून बमोजिम संस्कृतिक तथा पुरातात्विक महत्त्वका भनी तोकिएका क्षेत्र सम्झनु पर्छ ।

(ध) "सार्वजनिक उपयोगको क्षेत्र" भन्नाले विद्यालय, विश्वविद्यालय, छात्रावास, समाधिस्थल, सडक, सिंचाई कुलो वा नहर, इनार, कुवा, चौतारी, पाटी, पौवा, गौशाला, उद्यान, बसपार्क, विमानस्थल, गौचर, सार्वजनिक व्यामसाला तथा अन्य सार्वजनिक उपयोगको लागि निर्माण गरिएका भवन, घर, टहरा, स्थान तथा त्यस्ता संरचनाले चर्चेको जग्गा सम्झनु पर्छ र सो शब्दले कुनै निश्चित भौगोलिक, क्षेत्रमा सार्वजनिक उपयोगको क्षेत्र भनी प्रचलित कानून बमोजिम तोकिएको क्षेत्रलाई समेत जनाउँछ।

(द) "नगरपालिका" भन्नाले चौदण्डीगढी नगरपालिका लाइ सम्झनु पर्दछ।

## परिच्छेद - २

## भु-उपयोग कार्यक्रम सन्चालन, भु-उपयोग क्षेत्र, भूमिको वर्गीकरण भु-उपयोग योजना

३. भु-उपयोग कार्यक्रम सन्चालन गर्न सक्ने:

(१) नगरपालिकाले भूमिको समुचित उपयोग तथा सार्वजनिक हित समेतलाई ध्यानमा राखी, नगरपालिकाको सवै क्षेत्रमा भु-उपयोग कार्यक्रम सन्चालन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम कार्यक्रम सन्चालन गर्नु पूर्व सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछ।

४. भूमि उपयोग क्षेत्र वर्गीकरण:

(१) यस ऐन बमोजिम चौदण्डीगढी नगरपालिकाको भू-बनौट, भूमिको क्षमता तथा उपयोगमा भूमिको मौजुदा उपयोग र आवश्यक्ता समेतका आधारमा भूमिलाई देहाय बमोजिम भुमी आयोग क्षेत्रमा वर्गीकरण गरिनेछ:-

(क) कृषि क्षेत्र,

(ख) आवासीय क्षेत्र,

(ग) व्यापार क्षेत्र,

(घ) औद्योगिक क्षेत्र,

(ङ) खानी तथा खानी क्षेत्र,

(च) वन क्षेत्र,

(छ) नदी, खोला, ताल, सीमसार क्षेत्र,

(ज) सार्वजनिक उपयोगको क्षेत्र,

(झ) सांस्कृतिक तथा पुरातात्विक महत्वको क्षेत्र,

(ञ) नेपाल सरकारवाट आवश्यकता अनुसार तोकिएका अन्य क्षेत्र

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सोही उपदफाको खण्ड (क) मा उल्लेखित क्षेत्र बाहेक अन्य क्षेत्रमा वर्गीकरण भएको जग्गा त्यस्तो क्षेत्रमा उपयोगमा नआउँदा सम्मको लागि स्थानीय भुमी आयोगलाई जानकारी गराई कृषि क्षेत्रको रूपमा उपयोगमा ल्याउन बाधा पर्ने छैन।

(३) उपदफा (१) बमोजिम वर्गीकरण गरिएका क्षेत्रहरूलाई भुमी आयोगले आवश्यकता बमोजिमका उपक्षेत्रहरूमा वर्गीकरण गर्न सक्नेछ।

(४) आफ्नो क्षेत्रमा उपदफा (१) बमोजिम वर्गीकरण गरिएको क्षेत्र बहेक को अन्य कुनै भु-उपयोग क्षेत्र को रूपमा वर्गीकरण गर्न आवश्यक देखिएमा त्यस्तो क्षेत्र लाई भु-उपयोग क्षेत्र-वर्गीकरणमा समावेश गर्न संघिय भुमी आयोगमा लेखी पठाउनु पर्नेछ।

(५) उपदफा (४) वमोजिम पठएको वर्गीकरण संघिय भुमी आयोगले थप वर्गीकरण गर्नु पर्ने आवश्यक देखेमा भू-उपयोग क्षेत्र वर्गीकरण गर्न सम्बन्धित स्थानीय तहलाई सहमति दिन सक्नेछ।

(६) नगरपालिकाको भुमी आयोग परिषदले यस ऐन बमोजिम निर्धारित भु-उपयोग क्षेत्र वर्गीकरणका आधार, मापदण्ड तथा भुमी विभागले तयार गरेको कार्यविधि बमोजिम आफ्नो क्षेत्रभित्रको भूमिलाई भु-उपयोग क्षेत्रमा वर्गीकरण गर्नु पर्नेछ।

(७) उपदफा (६) बमोजिम क्षेत्र वर्गीकरण गर्दा स्थानीय भुमी आयोगले कुनै सङ्घिय वा प्रदेशस्तरको योजना सन्चालनमा रहेका वा सन्चालन हुने भनी तोकिएका क्षेत्रहरूलाई सोही बमोजिम वर्गीकरण गर्नु पर्नेछ।

(८) स्थानीय भुमी आयोगले भु-उपयोग क्षेत्र वर्गीकरण गरेको सूचना सर्वसाधारणको जानकारीको लागि स्थानीय पत्रपत्रिका तथा विघुतीय सञ्चार माध्यमवाट प्रकाशन तथा प्रसारण गर्नु पर्नेछ।

(९) स्थानीय भुमी आयोगले वर्गीकरण गरिसकेको क्षेत्रमा नेपाल सरकार वा प्रदेश सरकारले तोकिएको वर्गीकरणभन्दा कुनै फरक योवना सन्चालन गर्नु परेमा दफा ८ बमोजिम मौजूदा भू- उपयोग परिवर्तन गर्नु पर्ने छ।

(१०) भु-उपयोग क्षेत्र वर्गीकरण गर्ने आधार मापदण्ड र क्षेत्रफल स्थानिय भुमी आयोगले तोके बमोजिम हुने छ।

५. भु-उपयोग क्षेत्र नक्सा तयार गर्नु पर्नेः

(१) स्थानिय भुमी विभागले स्थानीय तहको भु-उपयोग क्षेत्र नक्सा तयार गर्नु गराउनु पर्नेछ।

(२) यो ऐन प्रारम्भ भएको ६ महिना स्थानीय भूमी विभागले स्थानीय तहका भु-उपयोग नक्सा तयार गरी हस्तान्तरण गर्नु पर्नेछ।

(३) उपदफा (२) वमोजिमका नक्साहरूलाई स्थानिय भुमी आयोगले आवश्कता अनुसार अधावधिक गरी लागू गर्नु गर्नेछ।

(४) स्थानीय तहको आवश्यक्ता अनुसार भु-उपयोग क्षेत्र नक्सा अध्यावधिक गर्ने कार्यको लागि स्थानिय भूमी विभागले तोकीयको निकायलाइ आवश्यक सहयोग उपलब्ध गराउनु पर्नेछ।

(५) यस दफा बमोजिम स्थानिय भूमी विभागले भुमी आयोग क्षेत्र नक्सा तयार गर्दा प्राकृतिक विपदको सम्भावना रहेका जोखिमयुक्त क्षेत्रको पहिचान गरी नक्सामा त्यस्तो क्षेत्र जनाउनु पर्नेछ।

६. भु-उपयोग योजना तर्जुमा :

(१) स्थानीय तहको भुमी आयोग योजना तर्जुमा गर्नुअघि भूमिको वस्तुस्थिति जनसङ्ख्या वृद्दि दर, साध्य तथा आवासको आवश्यकता, आर्थिक विकास तथा पूर्वाधार निर्माणको लागि भूमिको मागमा हुने बृद्धि लगायतका विषयमा अध्ययन गरी दीर्घकालीन भुमी आयोग योजनाको आधारपत्र तयार गर्नु पर्नेछ।

(२) स्थानीय भुमी आयोग विभागले उपदफा (१) बमोजिमको दीर्घकालीन भुमी आयोग योजनाको आधारपत्र तथा समग्र आर्थिक, सामाजिक पुर्वाधार विकास लगायतका विषय समेतको आधारमा स्थानिय भू उपयोग योजना तयार गरी स्थानिय भुमी आयोगद्वारा स्वीकृत गराई लागू गर्नु पर्नेछ।

(३) नगरपालिकाले आफ्नो क्षेत्र अन्तर्गतको आर्थिक सामाजिक, पूर्वाधार विकास लगायतका विषय समेतको आधारमा स्थानीय तह स्तरीय भुमी आयोग योजना तयार गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम स्थानीय तह भुमी आयोग योजना तर्जुमा गर्दा संघिय तथा प्रदेश भुमी आयोग योजनासँग प्रतिकूल नहुने गरी स्थानीय भु-उपयोग वाट स्वीकृत गराई लागू गर्नु पर्नेछ।

(५) नगरपालिकाले भु-उपयोग क्षेत्र नक्सा तथा आफ्नो क्षेत्रभित्रको आर्थिक, सामाविक, पूर्वाधार विकास लगायतमा विषय समेतको आधारमा संघीय र प्रदेश स्तरीय भु-उपयोग योजनासँग प्रतिकूल नहुने गरी स्थानीय भु-उपयोग योजना तयार गर्नु पर्नेछ।

(६) उपदफा (५) बमोजिम तयार गरिएको भु-उपयोग योजना स्थानीय भुमी आयोगबाट स्वीकृत गराई लागू गर्नु पर्नेछ।

(७) नगरपालिकाले उपदफा (५) बमोजिम भु-उपयोग योजना तयार गर्दा आवश्यक्ता अनुसार ग्रामीण र सहरी क्षेत्रको बेग्लाबेग्लै योजना तर्जुमा गर्न सक्नेछ।

(८) भु-उपयोग योजना तयार गर्दा देहायका क्षेत्र देखिने गरी तयार गर्नु पर्नेछः-

(क) राष्ट्रिय परियोजना

(ख) विशेष आर्थिक क्षेत्र

(ग) औद्योगिक कोरिडोर

(घ) अन्तर्राष्ट्रिय पहिचान र मानवीय आस्था बोकेका धार्मिक, सांस्कृतिक महत्वका स्थानहरू

(ङ) अन्तप्रदेश फैलिएका परियोजना

(च) संरक्षण योग्य राष्ट्रिय महत्वका प्राकृतिक तथा भौतिक सम्पदाहरू

(छ) राष्ट्रिय सुरक्षाको दृष्टिले संवेदनशील स्थानहरू

(ज) विपद जोखिमयुक्त क्षेत्र

(झ) वातावरणीय स्वच्छता तथा जैविक विविधता संरक्षणको लागि सुरक्षित क्षेत्र

(ञ) अन्य आवश्यक क्षेत्रहरू

(९) भु-उपयोग योजना सम्बन्धी अन्य व्यवस्था स्थानीय भुमी आयोगले तोके बमोजिम हुनेछ।

## परिच्छेद -३

## जग्गाधनी श्रेस्ता र जग्गा भोगाधिकार पत्र वितरण, अद्यावधिक तथा भु-उपयोग परिवर्तन

**७. जग्गाधनी श्रेस्ता र जग्गा भोगाधिकार पत्र वितरण तथा अध्यवधिक गर्नु पर्नेः**

(१) नगरपालिकाले स्थानीय भुमी आयोगले सम्पूर्ण काम सकाएपछी भोगचलन, आवद र जग्गा बर्गीकरणको आधारमा ऐलानी जग्गाको भोगाधिकार पत्र वितरण गर्न सक्नेछ। जग्गा भोगाधिकार पत्र पहेलो रङ्गको हुने छ। भोगाधिकार पत्रको नमुना अनुसुची १ बमोजिम हुने छ।

(२) नगरपालिकाले भु-उपयोग क्षेत्र वर्गीकरण नक्सा बमोजिम आफ्नो क्षेत्रभित्रको जग्गाको भोगाधिकार श्रेष्ता र प्रमाण पुर्जामा तत् तत् क्षेत्र देखिने गरी अद्यावधिक गर्नु पर्नेछ। जग्गाको भोगाधिकार श्रेस्ताको नमुना अनुसुची २ बमोजिम हुने छ।

(३) उपदफा (२) बमोजिम अद्यावधिक गरिएको कार्यमा चित्त नवुझ्ने जग्गाधनीले जिल्ला अदालत समक्ष त्यस्तो कार्य भएको मितिले पैंतीस दिनभित्र उजुरी दिन सक्नेछ।

(४) उपदफा (३) बमोजिमको उजूरी उपर जिल्ला अदालतले गरेको निर्णय अन्तिम हुनेछ।

**८. भु-उपयोग परीवर्तन गर्न नहुनेः**

(१) दफा ४ बमोजिम एउटा प्रयोजनको लागि वर्गीकरण गरिएको जग्गा अर्को प्रयोजनमा प्रयोग गर्ने गरी भुमी आयोग परिवर्तन गर्न पाइने छैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै व्यक्तिले निजको हकभोगमा रहेको जग्गा निर्धारित प्रयोजनमा भन्दा फरक प्रयोजनमा प्रयोग गर्नु पर्ने भएमा सोको आधार र कारण खुलाई सम्बन्धित स्थानीय भुमी आयोगमा निवेदन दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम निवेदन प्राप्त भएमा वा आफ्नो क्षेत्रभित्रको कुनै जग्गाको निर्धारित भू- उपयोग परिवर्तन गर्नु पर्ने भएमा सम्बन्धित स्थानीय भुमी आयोगले सोको आधार र कारण खुलाई प्रादेशिक भुमी आयोग परिषद समक्ष अनुरोध गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम अनुरोध प्राप्त भएमा प्रादेशिक भुमी आयोग परिषदले सो प्रयोजनको लागि अध्ययन गरी प्राविधिक प्रतिवेदन पेश गर्न माटो, भूगर्भ, कानून, भुमी आयोग योजना, कृषि, वन तथा वातावरण, भूमि, नापि तथा शहरी योजना क्षेत्रका विशेषज्ञ र सम्बन्धित स्थानीय तहको प्रमुख वा उपप्रमुख रहेको एक समिति गठन गर्न सक्ने छ।

(५) उपदफा (४) बमोजिमको समितिले दिएको प्राविधिक प्रतिवेदन समेतको आधारमा माग बमोजिम भू- उपयोग परिवर्तन गर्न उपयुक्त देखिएमा प्रादेशिक भु-उपयोग परिषदले सङ्घीय भु-उपयोग परिषद समक्ष सिफारीस गर्नु पर्नेछ

(६) उपदफा (५) बमोजिम सिफारिस प्राप्त भएमा सङ्घीय भुमी आयोग परिषदले विद्यमान भु-उपयोग परिवर्तन गर्न सक्नेछ

(७) उपदफा (१) मा जुनसुकै सुरा लेखिएको भए तापनि स्थानीय सरकारले देहायका स्थानको विद्यमान भुमी आयोग परिवर्तन गर्न सक्नेछः-

(क) ठोस, तरल वा ग्यास अवस्थाका महत्त्वपूर्ण प्राकृतिक स्रोत रहेको भूमिको सतह वा सतह भन्दा मुनिको स्थान

(ख) राष्ट्रिय गौरवका वा प्राथमिकता प्राप्त विकास आयोजनाहरू, औद्योगिक क्षेत्र, विशेष आर्थिक क्षेत्र लगायतका आयोजना स्थापना गर्नु पर्ने स्थान

(ग) राष्ट्रिय सुरक्षाका दृष्टिले महत्वका क्षेत्र अन्तर्राष्टिय सीमा विश्व सम्पदा सूचीमा परेका सांस्कृतिक, प्राकृतिक, ऐतिहासिक र पुरातात्त्विक महत्वका स्थान

(घ) अन्तर प्रदेश भू उपयोग क्षेत्र व्यवस्थापन गर्नु पर्ने स्थान

(ङ) नेपाल सरकारले आवश्यक ठानेका अन्य क्षेत्र।

(८) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सम्बन्धितत स्थानीय भुमी आयोगको सिफारिसमा नगरपालिकाले देहायका अवस्थामा विद्यमान परिवर्तन गर्न सक्नेछः-

(क) अन्तर स्थानीय तह भु-उपयोग क्षेत्र व्यवस्थापन गर्नु परेमा

(ख) दुई वा सोभन्दा बढी नगरपालिकाको भौगोलिक क्षेत्रमा पर्ने कुनै प्रदेश स्तरीय विकास आयोजना सन्चालन गर्नु परेमा।

(१) भु-उपयोग परिवर्तनको स्वीकृति दिने प्रकृया सम्बन्धि अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**९. भु-उपयोग परिवर्तन गर्न सकिने:-**

(१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नगरपालिकाले आफ्नो क्षेत्रभित्रको कुनै स्थान वा बस्ती कुनै विपद वा प्राकृतिक प्रकोपको कारण असुरक्षित भएमा त्यस्तो क्षेत्रलाई असुरक्षित वा अव्यवस्थित स्थान घोषणा गरी त्यस्तो स्थानमा बसोबास गरेको परिवार वा समुदायलाई सुरक्षित तथा व्यवस्थित स्थानमा बसोबासको व्यवस्था मिलाउन भु-उपयोग परिवर्तन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम भुमी आयोग परिवर्तन गराउँदा अन्यत्र जग्गा उपलब्ध हुन नसकेको अवस्थामा मात्र कृषि क्षेत्रमा बसोवासको व्यवस्था मिलाउने गरी भु-उपयोग परिवर्तन गर्न सकिनेछ ।

**१०. जग्गाको खण्डीकरण नियन्त्रण चक्लाबन्दी गर्ने:-**

(१) जग्गाको खण्डीकरण नियन्त्रण तथा कित्ताकाट गर्ने कार्यलाई नियमन गर्न आवश्यक आधार र मापदण्ड तोकिए बमोजिम हुनेछ ।

(२) नगरपालिकाले कृषि भूमिमा आधुनिकिकरण, यान्त्रीकरण, व्यवसायीकरण, सहकारी खेती, सामुहिक खेती तथा सार्वजनिक खेती गर्न तोकिए बमोजिमको क्षेत्रफलको कित्ता जग्गा एकीकरण गरी चक्लाबन्दी कार्यक्रम गर्न, गराउन सक्नेछ ।

(३) चक्लाबन्दी र जग्गा एकीकरण कार्यक्रमलाई प्रोत्साहन गर्न नगरपालिकाले विशेष सुविधाका कार्यक्रमहरू सन्चालन गर्न सक्नेछन ।

(४) चक्लाबन्दी कार्यक्रम सन्चालन गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**११. नयाँ घर निर्माण वा बसोबासका पूर्वाधारहरू थप वा विस्तार गर्न नसक्ने:-**

(१) यो ऐन प्रारम्भ हुदाका बखत कृषि क्षेत्रमा घरमा साविक बमोजिम वसोवास गरेकोमा बाहेक नयाँ घर निर्माण वा बसोवासका पूर्वाधारहरू थप वा विस्तार गर्न सकिने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि साविक बमोजिम बसोबास गरिआएको घर कुनै कारणले भत्केको वा पुरानो भई नयाँ बनाउनु पर्ने अवस्था भएमा घर निर्माणको लागि निजको अन्यत्र कुनै जग्गा नभएमा कृषि क्षेत्रमा नयाँ घर निर्माण गर्न वा कृषि प्रयोजनका लागि आवश्यक पर्ने संरचना बनाउन वाधा पर्ने छैन ।

**१२. घडेरी विकसित गर्न नपाइने:-** यस ऐन बमोजिम आवासीय प्रयोजनको लागि वर्गीकरण गरिएको क्षेत्र बाहेकका अन्य क्षेत्रमा कुनै पनि प्रयोजनले व्यावसायिक रूपमा घडेरी विकसित गर्न र सोको विक्री वितरण गर्न पाइने छैन् ।

**१३. जग्गाको मूल्याङ्कन र करको निर्धारण:-** नगरपालिकाले आफ्नो क्षेत्रभित्रको जग्गाको मूल्याङ्कन गर्दा र भूमि सम्वन्धि करको निर्धारण गर्दा भू- उपयोग क्षेत्र वर्गीकरणलाई समेत आधार मान्नु पर्नेछ ।

१४.स्थानीय भूमि परिषद:

(१) भु-उपयोग क्षेत्र तथा भु-उपयोग योजना तर्जुमा तथा कार्यान्वयनका लागि नगरपालिकामा एक स्थानीय भुमी आयोग रहनेछ।

(२) नगर कार्यपालिकाले स्थानिय भुमी आयोग गठन गर्नेछ।

(३) स्थानीय भुमी आयोगको आफ्नो कार्य सम्पादनको क्रममा विषय विज्ञको सहयोग लिन सक्नेछ

(४) स्थानीय भुमी आयोगको बैठक आवश्यकता अनुसार बस्नेछ।

(५) स्थानीय भुमी आयोगको गठन, काम, कर्तव्य र अधिकार भुमी व्यवस्थापन कार्यविधिमा तोकिएबमोजिम हुनेछ

१५. कार्यान्वयन समिति

(१) स्थानीय भुमी आयोगको कार्यमा सहयोग गर्न देहाय बमोजिमको एक भूउपयोग कार्यान्वयन समिति हुनेछ।

(क) नगर कार्यपालिका प्रमुख - संयोजक

(ख) वडाको वडा अध्यक्ष - सदस्य

(ग) नगरपालिकाका कृषि, वन, भूमि, सहरी विकास र भौतिक पूर्वाधारसँग सम्बन्धित शाखाका प्रमुख - सदस्य

(घ) सरोकारवालामध्येबाट स्थानीय भुमी आयोग परिषदले तोकेको दुई जना महिला सहित चारजना - सदस्य

(ङ) सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत - सदस्य-सचिव

(२) उपदफा (१) को खण्ड (घ) बमोजिम तोकिएका सदस्यहरूको पदावधि तीन वर्षको हुनेछ।

(३) कार्यान्वयन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) स्थानीय भुमी आयोग बाट स्वीकृत भु-उपयोग योजना कार्यान्वयन गर्ने

(ख) वर्गीकृत क्षेत्रको सूचना तोकिए बमोजिम सरोकारवालाको जानकारीको लागि सार्वजनिक गर्ने।

(ग) प्रत्येक वडाको वडास्तरीय भु-उपयोग योजना तयार गर्ने

(घ) वडास्तरीय भु-उपयोग योजना वडा समितिवाट अनुमोदन गराई सो का आधारमा स्थानीय तहको समष्टिगत भु-उपयोग योजना तयार पारी स्थानीय भुमी आयोगमा पेश गर्ने

(ङ) कार्यान्वयनको क्रममा देखिएका समस्याहरू समाधानको लागि विकल्प सहित स्थानीय भूमी आयोगमा पेश गर्ने

(च) भूमिको संरक्षण र दिगो उपयोगको लागि सचेतना अभिवृद्धि गर्ने

(ङ) तोकिएको उपयोगभन्दा फरक उपयोग गरेकोमा वा तोकिए बमोजिम नगरेमा कारबाहीको लागि स्थानीय भुमी आयोगमा सिफारिस गर्ने,

(च) कृषियोग्य जमिन बाँझो रहे नरहेको अनुगमन गर्ने,

(छ) सामुदायिक भूमिको पहिचान गरी सामुहिक हितमा उपयोगको व्यवस्था मिलाउने,

(ज) भु-उपयोग उल्लेखनीय योगदान गर्ने व्यक्ति, परिवार वा संस्थालाई पुरस्कृत गर्न सिफारिस गर्ने।

(४) कार्यान्वयन समितिको बैठक सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

१६. भूमि बैंकिङ व्यवस्थाः-

(१) भुमी आयोग वर्गीकरण सम्बन्धि व्यवस्था कार्यान्वयन गर्न, भूमिको अधिकतम उपयोग गरेर उत्पादकत्व वृद्धि गर्न स्थानीय सरकारले आवश्कता अनुसार स्थानीय तहमा भूमि बैङ्कको स्थापना गर्न सक्नेछ।

(२) भूमि सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१७. सुविधा र प्रोत्साहनः- कृषियोग्य जमिनको अधिकतम उपयोग गर्ने कृषकलाई प्रोत्साहन गर्न स्थानीय तहले विभिन्न कार्यक्रमहरू सन्चालन गर्न सक्नेछ।

१८. भु-उपयोग योजनाको पुनरावलोकनः- स्थानीय तहले आवश्कता अनुसार भुउपयोग योजनाको पुनरावलोकन गर्न सक्नेछ।

## परिच्छेद ४

## जग्गाको बिक्री वितरण र कित्ताकाट

१९. जग्गाको बिकी वितरण :- (१) यस ऐन बमोजिम स्थानीय सरकारले विवरण गरेका जग्गाको भोगाधिकार पत्र बमोजिम जग्गाको बिकी वितरण गर्न सकिनेछ।

२०. जग्गा बिकी गरे पश्चात स्थानीय तहमा गई जग्गाको स्रेस्ता र नामसारी पास गरिदिनुपर्ने छ।

२१. जग्गा पास गर्दा तोकेको दस्तुर बुझाउनु पर्नेछ।

२२. जग्गाको बिकी पछी नापी बमोजिम कित्ताकाट गरी नक्साङ्कन गर्न सकिनेछ।

## परिच्छेद ५

## समिति गठन र अधिकारी

२३. समितिको गठन र अधिकारीहरुको नियुक्ती :- (१) यो ऐन उद्देश्य पुर्तीका लागि चौदण्डीगढी नगरपालिकाले आवश्यक कर्मचारी व्यावस्थापन देहायका समितिहरु गठन गर्न सक्नेछ।

क. नापजाच स्थलगत सर्जमिन समिति

ख. जगाको मोल मुल्याङ्कन समिति

ग. जग्गा सिफारिस तथा प्रमाणिकरण समिति

२४. समितिहरुको गठन काम कर्तव्य र अधिकार कानुनले तोके बमोजिम हुने छ।

२५. कर्मचारी सम्वन्धि आवश्यक व्यावस्थापन नगरपालिकाको कार्यालयले गर्ने छ र तत् सम्बन्धि सेवा सुविधा कानुन बमोजिम हुने छ।

## परिच्छेद ६

## कसूर तथा सजाय

२६. कसूर गरेको मानिने - देहाय बमोजिमका कार्य गरेमा यस ऐन बमोजिम कसूर गरेको मानिनेछः-

(क) तहगत भु-उपयोग नक्सा र भु-उपयोग योजना बमोजिम कार्य नगरेमा

(ख) काबुबाहिरको परिस्थिति उत्पन्न भई जग्गा बाँझो राख्नु पर्ने उचित र पर्याप्त कारण सहितको सूचना सम्बन्धित स्थानीय तहमा दिईएको अवस्थामा बाहेक कृषि क्षेत्रमा वर्गीकृत जमिन लगातार तीन वर्षदेखि बाँझो राखेमा,

(ग) यस ऐनमा उल्लिखित अवस्थामा बाहेक निर्धारित भु-उपयोग क्षेत्र वर्गीकरण परिवर्तन गरेमा।

२७. सजाय :-

(१) कसैले देहायका कसुर गरेमा तोकिएको अधिकारीले देहाय बमोजिमको सजाय गर्न सक्नेछः -

(क) दफा २६ को खण्ड (क) बमोजिमको कसूर गरेमा एक लाख रूपैयाँसम्म जरिवाना

(ख) दफा २६ को खण्ड (ख) बमोजिमको कसूर गरेमा उत्पादन अनुमानको आधारमा पचास हजार रूपैयाँसम्म जरिवाना।

(ग) दफा २६ को खण्ड (ग) बमोजिमको कसूर गरेमा एक लाख पचास हजार रूपैयाँसम्म जरिवाना।

२) उपदफा (१) बमोजिमको अधिकारीले दफा २६ को खण्ड (ग) बमोजिमको कसूर गरी निर्धारित भु-उपयोग परिवर्तन गरेमा उपदफा (१) मा उल्लिखित जरिवानाका अतिरिक्त त्यस्तो जग्गा छ महिनाभित्र साविक बमोजिम भू उपयोग कायम गर्ने गरी आदेश दिन सक्नेछ।

२८. अदालतलाई भए सरहको अधिकार हुनेः

दफा २० बमोजिमको कसूरको सम्बन्धमा कारवाही र किनारा गर्दा पक्ष झिकाउने, वयान लिने, प्रमाण बुझ्ने, कागजपत्र दाखिला गराउने लगायतका विषयमा तोकिएको अधिकारीलाई प्रचलित कानून बमोजिम अदालतलाई भए सरहको अधिकार हुनेछ।

२९. उजुर गर्न सक्ने दफा १९ बमोजिमको कसूर गरेकोमा तोकिएको निकायमा उजूर गर्न सकिनेछ।

३०. पुनः आवेदन दफा २० बमोजिम भएको सजाय उपर चित्त नबुझ्ने पक्षले सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ।

३१. संक्षिप्त कार्याविधि अपनाइनेः दफा १९ बमोजिमको कसुरसँग सम्बन्धित मुद्दाको कारवाही र किनारा गर्दा संक्षिप्त कार्याविधि ऐन, २०२८ बमोजिमको कार्यविधि अपनाउनु पर्नेछ।

## परिच्छेद -७

## विविध

३२. अधिकार प्रत्यायोजन गर्न सक्नेः

यस ऐन बमोजिम तोकिएको अधिकारीले आफूलाई प्राप्त अधिकारमध्ये मुद्दा हेर्ने अधिकार बाहेक अन्य सबै वा केही अधिकार आफ्नो मातहतको अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ।

३३. समावेशिताको आधारमा मनोनयन गर्नु पर्नेः

स्थानीय सरकारले यस ऐन बमोजिम स्थानीय भुमी आयोग विज्ञ सदस्य मनोनयन गर्दा समावेशिताको आधारमा गर्नु पर्नेछ।

३४. नियम बनाउने अधिकारः

यस ऐनको उद्देश्य कार्यान्वयन गर्न स्थानीय सरकारले आवश्यक नियमहरु बनाउन सक्नेछ।

३५. निर्देशिका वा कार्यविधि बनाउन सक्नेः

यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियमहरूको अधीनमा रही स्थानीय तहले आवश्यकता परेमा निर्देशिका वा कार्यविधि बनाई लागू गर्न सक्नेछ।

अनुसुची - १

दफा ७ को उपदफा १ सँग सम्बन्धित

स्थानीय सरकार

स्थानीय भूमि आयोग

चौदण्डीगढी नगरपालिका उदयपुर

जग्गाधनी संकेत नं. :

जग्गाधनी पुर्जा नं :

## भोगाधिकार-पत्र

| हालसालै खिचेको जग्गाधनीको फोटो | औठा छाप | |
|---|---|---|
| | | |

जग्गाधनीको नाम, थर : ........................................जन्म मिति : ........................

वतन : प्रदेश ........................जिल्ला ........................................

गा.पा./न.पा. ........................................वडा नं. ........................

ना.प्र.प.नं. ........................जिल्ला ........................जारी मिति ........................

बाबुको/पतिको नाम, थर : ........................................

बाजेको/ससुराको नाम, थर : ........................................

| हालसालै खिचेको जग्गाधनीको फोटो | औठा छाप | |
|---|---|---|
| | | |

जग्गाधनीको नाम, थर : ........................................जन्म मिति ........................

वतन : प्रदेश ........................जिल्ला ........................................

गा.पा./न.पा. ........................................वडा नं. ........................

ना.प्र.प.नं. ........................जिल्ला ........................जारी मिति ........................

बाबुको/पतिको नाम, थर : ........................................

बाजेको/ससुराको नाम, थर : ........................................

| जिल्ला | नगरपालिका गाउँपालिका | वडा नं. | नक्सा/ सीट नं. | कित्ता नं. | मोठ नं. पाना नं. | भिरहायर आबादी, पोखरी, पर्ती, आदि) | जग्गा धनीको हक हिस्सा | मोहीको नाम, थर वतन र बाबुको बाजेको नाम | किसिम | | जग्गाको क्षेत्रफल हेक्टर (व.मि.) | प्रमाण संकेत | कैफियत | प्रमाणित गर्नेको दस्तखत र मिति | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | कृषि क्षेत्र | व्यावसायिक तथा बसोबास क्षेत्र | | | | सदस्य सचिव | अध्यक्ष |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | जम्मा क्षेत्रफल | | | | | | | |

आयोगबाट उपलब्ध गराइएको जग्गाको अंशबण्डा र अपुतालीको अवस्था बाहेक अन्य कुनै पनि व्यक्तिलाई हक हस्तान्तरण गर्न पाइने छैन र सो अवधि पश्चातसमते त्यसो जग्गा स्वामित्वविहीन हुने गरी कुनै हक हस्तान्तरण गर्न पाइने छैन।

कृषि प्रयोजनका लागि उपलब्ध गराइएको जग्गाको प्रचलित कानुनबमोजिम बाहेक भूउपयोग परिवर्तन गर्न पाइने छैन।

प्रिन्ट/तयार गर्नेको दस्तखत :

रुजु गर्नेको दस्तखत :

अनुसुची-२

दफा ७ को उपदफा २ सँग सम्बन्धित

स्थानीय सरकार

स्थानीय भूमि आयोग

चौदण्डीगढी नगरपालिका उदयपुर

जग्गाधनी संकेत नं. :

जग्गाधनी पुर्जा नं :

# भोगाधिकार दर्ता श्रेष्ता

| हालसालै खिचेको जग्गाधनीको फोटो | औंठा छाप | |
|---|---|---|
| | | |

जग्गाधनीको नाम, थर : .................................................. जन्म मिति : ..................................

वतन : प्रदेश .............................. जिल्ला ..................................................................

गा.पा./न.पा. .......................................................................... वडा नं. ..............................

ना.प्र.प.नं. .............................. जिल्ला .......................................... जारी मिति ..............................

बाबुको/पतिको नाम, थर : ..................................................................................................

बाजेको/ससुराको नाम, थर : ..................................................................................................

| हालसालै खिचेको जग्गाधनीको फोटो | औंठा छाप | |
|---|---|---|
| | | |

जग्गाधनीको नाम, थर : .................................................. जन्म मिति ..................................

वतन : प्रदेश .............................. जिल्ला ..................................................................

गा.पा./न.पा. .......................................................................... वडा नं. ..............................

ना.प्र.प.नं. .............................. जिल्ला .......................................... जारी मिति ..............................

बाबुको/पतिको नाम, थर : ..................................................................................................

बाजेको/ससुराको नाम, थर : ..................................................................................................

| जिल्ला | नगरपालिका गाउँपालिका | वडा नं. | नक्सा/ सीट नं. | कित्ता नं. | बिरहाघर आवादी, पोखरी, पर्ती, आदि) | जग्गा धनीको हक हिस्सा | मोहीको नाम, घर वतन र बाबुको बाजेको नाम | किसिम | | जग्गाको क्षेत्रफल हेक्टर (व.मि.) | प्रमाण संकेत | कैफियत | प्रमाणित गर्नेको दस्तखत र मिति | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | कृषि क्षेत्र | व्यावसायिक तथा बसोबास क्षेत्र | | | | सदस्य सचिव | अध्यक्ष |
| | | | | | | | | | | | | | | |
| | | | | | | | जम्मा क्षेत्रफल | | | | | | | |

आयोगबाट उपलब्ध गराइएको जग्गाको अंशबण्डा र अपुतालीको अवस्था बाहेक अन्य कुनै पनि व्यक्तिलाई हक हस्तान्तरण गर्न पाइने छैन र सो अवधि पश्चातसमेत त्यसो जग्गा स्वामित्वविहीन हुने गरी कुनै हक हस्तान्तरण गर्न पाइने छैन।

कृषि प्रयोजनका लागि उपलब्ध गराइएको जग्गाको प्रचलित कानुनबमोजिम बाहेक भूउपयोग परिवर्तन गर्न पाइने छैन।

प्रिन्ट/तयार गर्नेको दस्तखत :

रुजु गर्नेको दस्तखत :

निर्णय नम्बर ४

यस नगरपालिका क्षेत्रभित्र नगरपालिकाले विभिन्न आर्थिक वर्षमा निर्माण गरेको कच्ची सडकहरुमा बजेट अभावका कारण स्तरोन्नतीको कार्य गर्न नसकिएको हुँदा सडक आवागमनमा समस्या देखिइ व्यापक जनगुनासो आउने गरेको । सो जनगुनासोलाई सम्बोधन गर्नका लागि नगरपालिकाको कार्यालयमा रहेको ब्याक हो लेडर र सवारी धनीसँग भाडामा लिइने ट्रिपरको प्रयोग गरी वडामार्फत् छनोट गरिएका त्यस्ता सडकहरुमा प्राविधिक स्टमेटका आधारमा सडक स्तरोन्नतीको कार्य गर्न उपयुक्त रहने ।

प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन स्वीकृत गरिएको, राष्ट्रपति चुरे तराई मधेर संरक्षण विकास समिति खुमलटरा काठमाडौंको कार्यालयमार्फत् प्राप्त भएको समहित र ठेक्का प्रक्रियामा नलगिएका तपशील वमोजिमको खोलाहरु/स्थानबाट नियमानुसार नदीन्य पदार्थ (ढुङ्गा र ग्राभेल) उत्खनन् गरी सो सडकमा नदीजन्य पदार्थ प्रयोग गर्ने निर्णय गरियो ।

यसरी उत्खनन् कार्य गर्न अगाडी बातावरणविद्को राय तथा प्रतिवेदन, उक्त स्थानका स्थानीयबासीको सहमती, सबडिभिजन बन कार्यालयको सहमती र सामुदायिक बन उपभोक्ता समितिको सहमती लिएर मात्र उत्खनन् र प्रयोग गर्ने । साथै उत्खनन् र प्रयोग भएका सामाग्रीको विवरण दैनिक रुपमा अद्यावधिक राखी कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो ।

तपशील

| क्र.स. | खोलाको नाम | स्थान | परिमाण | कैफियत |
|---|---|---|---|---|
| १ | कालीखेला | वडा नम्बर ३ को बिरेन्द्र चोकको आसपासको क्षेत्र | ५५१ घनमिटर | |
| २. | लाटी खोला | वडा नम्बर २ र ७ को सिमाना | १३३३ घनमिटर | |
| ३. | माडीबास/चप्लेटी खोला | वडा नम्बर २ | ६८५० घनमीटर | |
| कूल जम्मा | | | ८७३४ घनमीटर | |